# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क १० पूर्णाङ्क ४३६ | २०८२ भदौ २३ गते सोमबार | Monday 8 Sept;, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।–


## काभ्रेमा प्रशिक्षण कार्यक्रम सम्पन्न

काभ्रे । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १० नम्बर क्षेत्रीय ब्युरोको आयोजनामा पार्टीका सक्रिय सदस्यहरूलाई लक्षित गरी आधारभूत वैचारिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। १९ भदौसम्म चलेको उक्त प्रशिक्षणमा केन्द्रीय नेताहरूले विभिन्न विषयमा प्रशिक्षण दिएका थिए ।

स्थायी समिति सदस्य राजवीरले प्रशिक्षणमा लेनिनवादी संगठनात्मक सिद्धान्त, पार्टी सदस्यताको आधार, संगठनात्मक सिद्धान्त, जबस र पार्टीको सम्बन्ध, विधान, नियमावली तथा आचारसंहितासम्बन्धी



विषयमा प्रशिक्षण दिएका थिए ।


त्यसैगरी, स्थायी समिति सदस्य सुदर्शनले दर्शन, नेपाल कम्युनिस्ट आन्दोलन इतिहास, राजनीति कार्यदिशा र सामरिक कार्यदिशासम्बन्धी बाँकी ७ पेजमा

# 'मिलेका विषयमा एकता कायम गर्दै अगाडि बढौं !'

काठमाडौं । राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालको भेला भाद्र २१ गते ललितपुरको कुपण्डोलस्थित क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको कार्यालयको सभाहलमा सम्पन्न भएको छ। मोर्चाका संयोजक लोकनारायण सुवेदीले राष्ट्रिय क्रान्तिकारी मोर्चा, नेपालको दोस्रो राष्ट्रिय भेलाको व्यानर बाचन गरेर भेलाको उद्घाटन गर्नु भएको थियो ।

उद्घाटन मन्तव्य राख्दै सुवेदीले भन्नु भयो, " ६५ प्रतिशत नेपाली जनताहरू कम्युनिष्ट समर्थक भएपनि टुटफुट मात्र भइरहेको स्थितिमा राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपाललाई निरन्तर अगाडि बढाउन सक्नु हाम्रो सफलता हो ।"

क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेलले मोर्चाको भेला सफलताको शुभकामना दिँदै कम्युनिष्ट आन्दोलनमा फुटका बाबजुद कम्युनिष्टहरू एकता





गर्न पनि सक्दछन् भन्ने उदाहरण राष्ट्रिय क्रान्तिकारी मोर्चा हो भन्नु भयो। कार्यबाहक महासचिव गौरवले इतिहासको स्मरण गर्दै भन्नु भयो "कार्ल मार्क्सले स्थापना गरेको प्रथम अनतर्राष्ट्रिय विभिन्न मतभेदका कारण विघटन भयो तर ऐङ्गेल्सको नेतृत्वमा पुनः दोस्रो अन्तर्राष्ट्रियको गठन भयो। यस्ता कैयौं विभाजन र एकताको प्रक्रियाबाट विश्व कम्युनिष्ट आन्दोलन अगाडि बढिरहेको छ।

मोर्चा भित्र पनि नयाँ जनवाद सम्पन्न गरी समाजवादमा जाने कि सिधै समाजवादी क्रान्ति गर्ने भन्ने विषयमा विवाद छ तापनि हामीले सहमति भएका विषयहरूमा एकता कायम गर्दै अगाडि बढ्न सक्नु पर्दछ। के गर्दा क्रान्तिकारी आन्दोलनलाई फाइदा पुग्छ त्यसमा सबै मिलेर निर्णय गरौं। हाम्रो पार्टीको आलोचना गर्नुस यदि हाम्रा कमजोरी छ् भने हामी सच्याउन तयार छौं।मोर्चामाथि पार्टीको निर्णय लाद्न थाल्यौंभने मोर्चामा फुट हुन्छ। त्यसैले सहमति भएका विषयलाई स्वीकार गर्दै फरक मतलाई सम्मान गर्दै मिलेका विषयमा एकता कायम गर्दै अगाडि बढौं। सबै काम र गतिविधि मोर्चाबाट हुनुपर्छ भन्ने नीति गलत हो। मोर्चाका सन्दर्भमा यस्तो गलत नीति र संकीर्णता अपनाउनु हुँदैन भनेर माओले पनि भन्नु भएको छ।"

त्यसपछि अखिल नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष तथा राष्टिय क्रान्तिकारी मोर्चा नेपालका पूर्व बाँकी ७ पेजमा

## चिसापानीको जग्गा सार्वजनिक बनाउन माग




नवलपरासी। नवलपरासीको बर्दघाट-२ चिसापानी ढेडारीफाँटको ग्रिनबेल्टको जग्गा पूरै नगरपालिका मातहत ल्याएर सार्वजनिक सम्पतिको रूपमा सदुपयोग गर्न माग गरिएको छ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बर्दघाट नगर संगठन समितिले बुधवार बर्दघाट नगरपालिकालाई २३ बुदें ज्ञापन पत्र बुझाएको थियो।

भष्ट्राचार बिरोधी अभियानको क्रममा बुझाइएको उक्त ज्ञापन पत्रको ४ नम्बर बुदाँमा उक्त माग दोहोऱ्याइएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नेकपा(क्रान्तिकारी माओवादी),नेकपा(मशाल) र नेकपा(बहुमत)को महत्वपुर्ण हिस्सा बीच एकता भएर बनेको गैरसंसदवादी पार्टी हो।

यस अघि बि.स. २०७७ भदौ १८ गते नेकपा(क्रान्तिकारी माओवादीले बाँकी ७ पेजमा

# रक्तिम र सामनाका जनकलाकारहरूले जुरुक्क पारे क्रान्तिकारी पंक्तिलाई, जीवनले नचाए, सुबोधले हँसाए

काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ९ नम्बर ब्यूरोको आयोजनामा सम्पन्न भएको जनसांस्कृतिक कार्यक्रममा रक्तिम र सामनाका जनकलाकारहरूले क्रान्तिकारी पंक्तिमा उत्साह र उर्जा भरेका छन्। क्रान्तिकारी आशावादले ओतप्रोत भएका गीत र नृत्यको प्रस्तुतिले क्रान्तिकारी पंक्तिलाई उत्साहित र क्रान्तिप्रतिको दायित्वबोध गराउँदै उर्जा र उत्प्रेरणा सञ्चार गरेको छ।

खुशीराम पाख्रिनको "सागर तर्ने यात्रीहरू, खुट्टा काम्नु हुन्न, लक्ष्य पुरा गर्ने अलमलिनु हुन्न। बलिदानको लागि अझै तयार हुनुपर्छ, विद्रोहको अझ ठुलो आँधीबेहरी फेरि ल्याउनु पर्छ।"






बोलको क्रान्तिकारी सन्देशले भरिएको उर्जाशील गीतलाई जनकलाकारहरूले कार्यक्रममा स्वागत गीतको रूपमा प्रस्तुत गरे। त्यसपछि पुराना तर चर्चित रूपमा स्थापित जनवादी गायक जीवन शर्माको शब्द, संगीत र स्वरमा सजिएको क्रान्तिकारी आशावादले ओतप्रोत गीत 'रातो लालटिन' गीतलाई जनयुद्धले स्थापित गरेका सामनाका स्थापित जनकलाकारहरूको स्वरमा आकर्षक नृत्यसहित प्रस्तुत गरियो। त्यस लगत्तै सामनाका प्रतिभाशाली जनगायक तथा संगीतकार अनिश योञ्जनको स्वरमा खुशीराम पाख्रिनको गीत 'लाल झुपडीका मान्छेहरु' बोलको गीत प्रस्तुत गरियो।

रक्तिम अभियानका अध्यक्ष नारायण शर्माको उद्घोषणमा सञ्चालित कार्यक्रममा त्यसपछि 'यही माटोमा जन्म्यौ हामी, यही माटोको लागि लड्छौ हामी' बोलको गीतमा प्रस्तुत गरिएको नृत्यले हिमाल पहाड तराई, मेचीदेखि महाकालीसम्मका आदिवासी, जनजातिहरूको सांस्कृतिक पहिचान झल्कने भेषभुषामा मुक्तिबोधसहितको क्रान्तिकारी बाँकी ७ पेजमा

## क्रान्तिकारी सुकुमबासी संघ नेपालद्वारा भूमिव्यवस्था मन्त्रीलाई ज्ञापनपत्र



काठमाडौं। क्रान्तिकारी सुकुमबासी सङ्घ नेपालले भूमिव्यवस्था मन्त्रीलाई ज्ञापन - पत्र बुझाएको छ। संयोजक भिम प्रशाद चापागाई,सचिवालय सदस्यहरू हिमलाल वाग्ले,युवराज न्यौपाने,तिलक बहादुर विश्वकर्मा,गङ्गा गरुङ सहितको टोलीले २०८२ भदौ १७ गते काठमाडौं सिंहदरवार स्थित भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा ज्ञापन - पत्र बुझाएको हो। भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई क्रान्तिकारी सुकुमबासी सङ्घ नेपालका संयोजक भीम चापागाईंले ज्ञापन - पत्र हस्तान्त्रण गर्नु भएको हो। ज्ञापन - पत्र यस प्रकार छ -

*" श्री माननीय मन्त्रीज्यू*
*भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय*
*सिंहदरबार, काठमाडौं।*

**विषय : ज्ञापनपत्र।**

नेपालको क्रान्तिकारी तथा परिवर्तनकारी आन्दोलनमा क्रान्तिकारी सुकुमबासी सङ्घ नेपाल एक बाँकी ७ पेजमा

## तीनवटा गाउँपालिकामा क्रान्तिकारी कम्युनिस्ट पार्टीद्वारा ज्ञापन पत्र, भ्रष्टाचार विरुद्ध चरणबद्ध संघर्षको घोषणा



नवलपरासी। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भ्रष्टाचार विरुद्धको अभियानलाई तीव्र बनाउँदै एकैदिन जिल्लाका तीनवटा गाउँपालिकालाई छुट्टाछुट्टै ज्ञापन पत्र बुझाएको छ। विहीवार आयोजित कार्यक्रममा पार्टीले प्रतापपुर, सरावल र पाल्हीनन्दन गाउँपालिकामा ज्ञापनपत्र बुझाउँदै जनतालाई साथ लिएर चरणबद्ध संघर्ष अघि बढाउने चेतावनी दिएको छ। बाँकी ७ पेजमा

## प्रगतिशील गीत सङ्गीतबारे एक छलफल

आजको कार्यक्रमका बारेमा धेरै नभएर केही कुराहरू राख्न जरुरी छ। सर्वप्रथम इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा आज जुन कार्यक्रम राखियो गीत सङ्गीतको समीक्षाका बारेमा, साथसाथै प्रतिष्ठानबाट प्रकाशित गरिएको 'लक्ष्यको शिखर' सि.डि.को सार्वजनिकिकरणको कार्यक्रम पनि राखियो यो धेरै महत्वको रहेको छ। यसको निम्ति म आयोजक साथीहरूलाई विशेष धन्यावाद दिन चाहन्छु।

'लक्ष्यको शिखर' भन्ने जुन गीति रचना छ, यसको गीतकार, सङ्गीतकार र स्वर दिने कलाकारहरू, एरेञ्जर (सङ्गीत संयोजक)हरू सबैसबैलाई म धन्यावाद दिन चाहन्छु। यो महत्वपूर्ण कृति हो। र यो नयाँ जनवाद हुँदै समाजवाद र साम्यवादको निर्माणमा उदात्त आदर्श प्राप्तीको खातिर गीत सङ्गीतको निर्माणमा सङ्घर्षको एउटा महान् अभियानको सिडि हो। खास गरी महान् जनयुद्धको प्रकृयामा यस्ता गीत सङ्गीतहरूको रचना गर्ने र जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थलाई कलाका माध्यमबाट गीत सङ्गीतमा सांस्कृतिक फाँटका, सङ्गीत क्षेत्रका साथीहरूले मिहिनेत गर्नु भयो, त्याग गर्नुभयो त्यसलाई यहाँ संरक्षण र संयोजन गर्ने काम भएको छ। इच्छुक सांस्कृतिक प्रतिष्ठानसँग जोडिएको आदर्श र वलिदानमा पनि यो सम्बन्धित छ। यसर्थमा गीतका सम्पूर्ण स्रष्टा साथीहरू, यसलाई सङ्गीत र स्वर दिने कलाकारहरू, गीतहरूको रचना गर्ने सबै साथीहरू प्रति म हार्दिक अभिवादन गर्न चाहन्छु।

गीत सङ्गीतको बारेमा यसको सौन्दर्यका बारेमा म केही कुरा राख्न चाहन्छु। यो गीत सङ्गीतको सौन्दर्य विवेचना गर्ने क्रममा हाम्रो असाध्य खड्किएको विषय छ। नेपालमा प्रगतिवादको



● मोहन वैद्य 'किरण' ●

यस क्षेत्रको समस्या हो। गीत सङ्गीतको दिशानिर्देश गर्ने कुरामा हाम्रो कमी बाँकी ८ पेजमा

## सम्पादकीय

# भारतसँग गरिएका सम्पूर्ण असमान सन्धि सम्झौताहरु खारेज गर !

राणा, राजा र संसदवादी दलहरूले विभिन्न कालखण्डमा भारतसँग गरेका असमान सन्धि सम्झौता, गोप्य पत्राचार र सुरक्षा सम्झौताले गर्दा नेपालको स्वाधीनता, स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता खुम्चिन पुगेको छ। नेपालको प्राकृतिक स्रोतसाधन विशेषगरी जलसम्पदामाथि भारतीय एकाधिकार कायम गरिएको छ। भारतसँगको व्यापार तथा पारवहन निर्भरताका कारण व्यापारघाटा चुलिएको छ। नेपाल केवल भारतको सुक्षित बजारमा परिणत भएको छ।

अंग्रेज साम्राज्यवादबाट मुक्त भएपनि अंग्रेजहरूको साम्राज्यवादी-विस्तारवादी नीतिलाई भारतले निरन्तरता दिँदै आयो। उसले सन् पचासको सन्धिदेखि नै नेपालको स्वतन्त्रता, स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सम्मान गरेको छैन, स्वीकारेको छैन। नेपाललाई उसले आफ्नै एक प्रान्तको हैसियतको व्यवहार अहिलेसम्म पनि गरिरहेको छ र नेपालको हरेक क्षेत्रमा आफ्नो प्रभुत्व लाद्ने काम गरिरहेको छ। विभिन्न कालखण्डतमा विगत र वर्तमान शासकहरूले गरेको राष्ट्रघाती सन्धि सम्झौताको मूल्य नेपाली जनताले चुकाउनु परिरहेको छ र तिनै सन्धि सम्झौताका कारण विश्वमानचित्रबाट नेपालकै अस्तित्व मेटिने हो कि भन्ने स्थिति पैदा हुन थालेको छ। विशेषगरी यही भदौ ३ मा भारत र चीनले नेपाली भूमि लिपुलेकमा नेपाललाई थाहै नदिई व्यापारिक मार्ग र हब बनाउने सहमति भएपछि त्यसमा पनि १९५४ देखि हालसम्म ९ वटा यस्ता सहमति भएका तथ्यहरू सार्वजनिक हुनुले बदलिदो विश्वव्यवस्था, शक्तिराष्ट्रबिचको अन्तरविरोधका कारण नेपालजस्तो देशलाई अस्तित्व जोगाउन नै निकै सकस पर्ने खालका भूराजनीतिक गतिविधिहरू तीव्र बनेर गएका छन्। अमेरिकाको इन्डो प्यासिफिक रणनीतिको साझेदार राष्ट्र (अमेरिकी दाबी) बनेपछि रुस युक्रेन र इजरायल प्यालेस्टाइन युद्धमा नेपालले अमेरिकी नीतिको समर्थन गर्नु (पक्षधरता लिनु), नेपालमा निरन्तर अमेरिकी सेनासँग नेपाली सेनाले संयुक्त रूपमा सैन्य तालिमहरू गर्नु, साझेदार राष्ट्रहरूजस्ता देशलाई दिनेखालका सैन्य उपकरणहरू नेपाली सेनालाई दिनु, अनि सिंगो देश विरोध र विद्रोहमा उत्रँदासमेत सदनबाट एमसीसीजस्तो राष्ट्रघाती सम्झौता पास गरिनु र त्यसयता अमेरिकी सेनाको नेपालमा सक्रियता र  आवतजावत बढ्नुले असंलग्नता र पञ्चशीलमा आधारित नेपालको परराष्ट्र नीतिमाथि गम्भीर प्रश्न खडा भएको छ। नेपालको शासकहरूको यही द्वैध नीति बुझेर छिमेकी मुलुक चीनले नेपाललाई उसको जिएसआई (ग्लोबल सुरक्षा इनिसियटिभ)मा समर्थन गर्न दबाब दियो र हालै एसिओ समिटमा डायलग पार्टनरको हैसियतमा सहभागी हुन चीन गएर आएका प्रम ओलीले जिएसआईमा पनि समर्थन जनाए। जसको अहिले सर्वत्र विरोध पनि भइरहेको छ। र, नेपाल कुनै पनि शक्तिराष्ट्रको सैन्य गठबन्धनमा आवद्ध हुन नहुने पक्षमा तीव्र बहस सिर्जना भइरहेको छ।

यस्तो भूराजनीतिक तानातानमा परेको नेपाललाई भारतले विगत ७५ वर्षदेखि विभिन्न असमान सन्धि सम्झौताहरूको माखेसाङ्लोले बाँधेर आफ्नो मुठ्ठिमा राखेको छ। चीनसँगको बिआरआई र अमेरिकासँगको एमसीसीका कारण उसको नेपालमाथिको दबदबा केही कम भएको भएपनि भित्रभित्रै उसले आफ्नो उपस्थितिलाई अझ बलियो बनाउँदै लगेको छ।

नेपाल-भारत र चीन सन्धि (समीक्षात्मक विवेचना) वि.सं. २०६६ मा प्रकाशित पुस्तकका अनुसार भारतसँग नेपाली सैन्य सहयोग सम्बन्धी सम्झौताको स्मृति पत्र (१९४८), गोर्खा भर्ती सम्बन्धी त्रिपक्षीय सन्धि (नोभेम्बर ९, १९४७), शान्ति तथा व्यापार र वाणिज्य सन्धि (जुलाई ३१, १९५०), शान्ति तथा मैत्री सन्धिसँगै आदान-प्रदान गरिएको पाँच बुँदे पत्र (जुलाई ३१, १९५०), सुपर्दगी सन्धि (अक्टोबर २, १९५३), कोशी आयोजना सम्झौता (२५ अप्रिल, १९५४), लघ सिँचाइ एवं जल सञ्चारसम्बन्धी सम्झौता (जुलाई १४, १९५४), गण्डक सम्झौता (डिसेम्बर ५, १९५९), व्यापार तथा पारवहन सन्धि- (सेप्टेम्बर ११, १९६०, अगस्ट १३, १९७१, १७ मार्च, १९७८, डिसेम्बर ६, १९९१, जनवरी ५, २०१३), नेपाल-भारत सुरक्षा सहयोग सम्झौता (जनवरी ३०, १९६५), सिमाङ्कन समझदारी (फेब्रुअरी २५, १९८१) जनआन्दोलनपछि भारतद्वारा प्रस्तावित सन्धि (१९९०, महाकाली सन्धि (जनवरी २, १९९६), पश्चिम सेती जलविद्युत परियोजनासम्बन्धी सम्झौता (जुन २७, १९९७), पश्चिम सेती जलविद्युत परियोजना निकासी सम्झौता (मई ११, १९९७), अरुण-३ जलविद्युत परियोजना सम्बन्धी सम्झौता (मार्च २, २००८), माथिल्लो कर्णाली जलविद्युत सम्झौता (जनवरी २४, २००८) लगायतका असमान सन्धिहरू गरिएका छन्।

नेपाल-भारतका बिच जलस्रोतका सम्बन्धमा भएका समझदारीहरू : कर्णाली (चिसापानी) बहुउद्देश्यीय परियोजना, पञ्चेश्वर बहुउद्देश्यीय परियोजना, कोशी (भीमनगर बाँध) परियोजना, सप्तकोशी बहुउद्देश्यीय उच्च बाँध परियोजना, बुढी गण्डकी परियोजना, कमला बागमती योजना, बाढी प्रक्षेपण तथा चेतावनी प्रणाली, बाढी सुरक्षा तटबन्धन, विद्युत आदान-प्रदान, टनकपुर बाँध परियोजना आदि रहेका छन्। यसबाट प्रस्ट हुन्छ कि भारतको नेपालमा सुरक्षा र प्राकृतिक स्रोतसाधानमाथिको एकाधिकार कायम गर्ने स्वार्थ रहेको छ।

२६ मे, १९४८ मा प्रधानमन्त्री बनेका मोहन शम्शेर कमजोर भएको अवस्थामा अनेक कल, बल र छल गरी भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले राणाहरूसँग सन् १९५० जुलाई ३१ मा शान्ति तथा मैत्री सन्धि गरे। यहीसन्धिसँगै त्यसयता गरिएका दर्जनौ सन्धि सम्झौताहरूले नेपालको स्वाधीनता र स्वतन्त्रताको नराम्ररी हुर्मत लिएको छ। राष्ट्रघाती यस्ता सन्धिसम्झौताहरूको विरोध गर्ने सच्चा देशभक्त तथा क्रान्तिकारी शक्तिहरूमाथि निर्मम दमन गरिएको छ। यहाँसम्म कि सन् ५० को सन्धि खारेजीका लागि आवाज उठाउँदा तत्कालीन डा. केआई सिंह र भिमदत्त पन्तमाथि भारतीय सेनालाई नै झिकाएर नृशंस दमन गरियो। भिमदत्त पन्तको त षड्यन्त्र र कायरतापूर्ण हत्या गरेर टाउको काटी प्रदर्शन समेत गरियो। चीनसँग सिमा जोडिएको नाकाहरूमा भारतीय सेनाको १८ वटा चेकपोस्ट तैनाथ समेत गरिएको थियो। देशभक्त र क्रान्तिकारी जनताको व्यापक विरोधपछि उक्त चेकपोस्ट हटाइएको थियो तर कालापानी क्षेत्रमा भने तत्कालीन राजा महेन्द्रले आफ्नो सत्ता टिकाइदिने सर्तमा उक्त स्थानमा भारतीय सेना राख्ने अनुमति दिएको देखिन्छ। तसर्थ, भारतसँग गरिएका तमाम अमसमान सन्धिहरूको खारेज नगरेसम्म नेपाल कहिल्यै पनि स्वाधीन, आत्मर्भिर, स्वतन्त्र र सार्वभौम मुलुक बन्न सक्दैन।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# शिक्षा आर्जनका लागि विदेश पलायनको समस्या



● शशिधर भण्डारी ●

शिक्षा हासिल गर्ने नाममा नेपालका ६० प्रतिशत विद्यार्थीहरूको चाहना विदेश जाने रहेको कुरा एउटा तथ्याङ्कले बताएको छ। शिक्षा मन्त्रालयको वैदेशिक अनुमतिपत्र व्यवस्थापन शाखामा विद्यार्थीहरूको दैनिक भीड लाग्ने गर्दछ। त्रिभुवन विश्व विद्यालय र काठमाडौँ विश्वविद्यालयले समेत भर्नाकोटा पूरा गर्न सकेका छैनन्। नेपाल सरकारले प्राविधिक शिक्षामा जोड दिइरहेको छ। तर विश्वविद्यालयहरूमा प्राविधिक विषयमा समेत भर्ना कोटा पूरा हुन सकेको छैन। इतिहास, भूगोल, संस्कृति र समाजशास्त्रका विषयहरू त फेजआउट भएको जस्तो देखिन्छ। देशको शिक्षा व्यवस्थामा सोझो राजनीतिक हस्तक्षेप छ। विश्वविद्यालयहरू आन्दोलन, नारावाजी र तालावन्दीको शिकार भइरहेका छन्।

शैक्षिक गुणस्तर गिर्दो अवस्थामा छ। विश्वविद्यालयहरूमा सीमाहीन अराजकता व्याप्त भएको पाइन्छ। राजनीतिक खिचतानी र दाउपेचको कारण विश्वविद्यालयहरू महिनौसम्म उपकुलपतिविहीन अवस्थामा रहेका हुन्छन्। उपकुलपति र रजिष्ट्रारको कार्यकक्ष ताला लगाउन शासक दलकै भातृ विद्यार्थी सङ्गठनहरू प्रतिस्पर्धामा उत्रिएका हुन्छन्। राजनीतिक इमान र नैतिकता शून्यप्राय छ। आफ्नो माउ पार्टीको सरकार हुन्छ तर ती पार्टीका भातृ विद्यार्थी सङ्गठनहरू आन्दोलनमा उत्रनु सामान्य विडम्वनाको विषय होइन। यस्तो परिदृश्यका कारण मध्यमवर्गीय परिवारका विद्यार्थीहरूले गुणस्तरीय शिक्षाको गन्तव्य र रोजगारीको ग्यारेन्टीको सपना विदेशमा देख्नु त्यति अस्वाभाविक मान्न सकिन्न। नेपालमा पढाइ पूरा गरेपछि रोजगारीको खास सम्भावना छैन। त्यसैले अब नेपाल सस्ता श्रमिक तथा विद्यार्थीहरू निर्यात गर्ने मुलुकका रूपमा स्थापित भएको छ। विदेशमा गुणस्तरीय शिक्षा आर्जन गरे पश्चात नेपाली विद्यार्थीहरूले गर्ने बौद्धिक श्रम पनि अब यो मुलुकका लागि उपयोगमा आउन नसक्ने सङ्केत देखिएको छ। यो मुलुकका लागि शुभ सङ्केत होइन।

नेपालबाट विदेश जाने युवाहरूमा ७५ प्रतिशत अदक्ष, २० प्रतिशत अर्धदक्ष र करिव ५ प्रतिशत मात्र दक्ष युवा भेटिन्छन्। मुलुकमा उत्पादन भएको शैक्षिक जनशक्तिमा ९ प्रतिशत मात्र प्राविधिक र व्यावसायिक जनशक्ति देखिन्छ। ९१ प्रतिशतले साधारण शिक्षा मात्र हासिल गरेको पाइन्छ। यसले सरकारको प्राविधिक र व्यावसायिक शिक्षा नारामा मात्र सीमित भएको देखाउँछ। नेपालमा उद्योगधन्दा तथा कलकारखानाहरू छैनन्। यो मुलुकले कृषि, जडीबुटी, उर्जा र पर्यटनको विकासको क्षेत्रमा असिम सम्भावनाहरू बोकेको छ। तर हाम्रो शिक्षा प्रणाली नै नेपालको उत्पादनसित जोडिने खालको छैन। नेपालमा उत्पादन भएको शैक्षिक जनशक्तिलाई जसरी भए पनि शक्तिशाली र विकसित मुलुकहरूको कारिन्दा बनाउने दिशामा पाठ्यक्रम निर्धारित भएको देखिन्छ। देशको शिक्षालाई कृषिसित मात्र जोड्न सकेको भए अन्न, फलफूल, सागपात, माछा मासुमा समेत परनिर्भर अवस्थामा रहनुपर्ने थिएन।

सरकारले किसान संरक्षण र कृषि समृद्धिको ठोस नीतिको समेत अवलम्वन गर्न सकेन। सधै खेतवारीमा रहने साना फारामहरू खोलेका किसानहरूको हातमा सरकारी सहयोग र अनुदान पर्दैन। दलाल, बिचौलिया र गैर किसानहरूले सरकारी सुलभ व्याजको ऋण र अनुदान सोहोरिरहेका छन्। कृषि कर्म जस्तो पेशामा समेत राजनीतिक पहुँच र सत्ताको बोलवाला भएको देखिन्छ। त्यसैले कृषि पढेको योग्य शैक्षिक जनशक्तिले पनि देशभित्र केही गर्नका लागि अत्यन्त ठूलो जोखिम देख्छ। उत्पादन भइहाल्यो भने देशमा राम्रो बजार व्यवस्था छैन। बजार व्यवस्थाको विषयमा सरकार गम्भीर देखिन्न। त्यसैले शिक्षा र रोजगारीको नाममा नेपालबाट वर्षेनि हजारौँ विद्यार्थीहरू विदेश पलायन भइरहेका छन्। विदेशमा शिक्षा आर्जन गर्ने नाममा नेपालको प्रत्येक वर्ष एक खर्ब हाराहारीको रूपैयाँ विदेश जाने गरेको कुरा विभिन्न तथ्याङ्कहरूले औँल्याएका छन्। शिक्षा मन्त्रलायको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८-७९ मा नो अब्जेक्सन लेटर लिने विद्यार्थीको सङ्ख्या एक लाख १४ हजार चार सय २९ रहेको थियो। यो आर्थिक वर्षमा ६७ अर्ब ७० करोड नेपाली मुद्रा शिक्षाको नाममा बाहिरिएको थियो। २०७९-८० को ११ महिनामा ८९ अर्ब १८ करोड रूपैयाँ बाहिरिएको कुरा नेपाल राष्ट्र बैङ्कले जनाएको छ।

नेपालमा प्रत्येक वर्ष करिव ६५ हजार विद्यार्थीहरूले ग्राजुयसन गर्दछन्। ६५ हजारमा नेपालमा रोजगारीको क्षेत्र जम्मा नौ हजारलाई मात्र छ। बाँकी विद्यार्थीहरू बेरोजगार रहनुपर्दछ। यसले नेपालका विश्वविद्यालयहरू शैक्षिक बेरोजगार उत्पादन गर्ने केन्द्र जस्ता भएका छन्। त्यो विशाल शैक्षिक बेरोजगार जनशक्तिलाई देशमा कसरी अड्याउने ? देशलाई विकास र समृद्धिको दिशामा अगाडि बढाउन के काम दिने ? भन्ने विषयमा आजसम्म कुनै सरकारले गृहकार्य नै गरेको पाइन्न। एकातिर यो समस्या छ। अर्कोतिर नेपालको मध्यम तथा उच्च मध्यमवर्गले आफ्ना सन्तान विदेशमा हुनु, राजधानीमा एउटा घर हुनु, केही गहना, कपडा र गाडीसम्म हुनुलाई ठूलो प्रतिष्ठाको विषय ठान्छ। त्यो वर्गमा पर्ने धेरैजसोमा न्यूनतम राष्ट्रिय चिन्तनसम्म पाइँदैन। देखासिकी गर्ने, विवाह, पास्नी, जन्मदिन आदिमा खर्च गर्न प्रतिस्पर्धा गर्ने पिछडिएको चिन्तनप्रणाली बोकेको शाही भाषा बोल्ने यो वर्ग नेपालको एउटा उदेकलाग्दो वर्ग हो। सुकिलो मुकिलो पहिरनमा हिड्ने यो वर्ग देख्दा निकै सभ्य र शिष्ट देखिन्छ तर पिछडिएको चेतनास्तरका कारणले यो वर्गका अधिकांस परिवारहरूको भलाकुसारीको शीर्षक घरघडेरी, विदेश, पैसा, गहना, कपडा, गाडी, घोडा र एउटा कुकुरको छाउरो र गमलाको फूलका वरिपरि मात्र घुम्ने गर्दछ। चिन्तनगत हिसावले नेपाली समाजशास्त्रभित्रको यो ठूलै समस्या हो। देश बिग्रनुमा राजनीतिको खराबी मात्र दोषी हुँदैन। राष्ट्रिय हितलाई गौण र व्यक्तिगत स्वार्थ तथा तत्कालीन लाभलाई मात्र केन्द्रमा राखेर सोच्ने मनोविज्ञान बोकेका नागरिक पनि दोषी हुन्छन्। नेता पनि त्यस्तै बगालको बीचबाट चुनिएको एउटा सदस्य न हो।

शिक्षा आर्जन वा रोजगारी जे कामले विदेश गए पनि विदेश जाँ'दा बित्तिकै सबै नेपाल भन्दा राम्रो हुँदैन, अरु खराब अवस्था पनि सिर्जना हुन्छ। खाडी मुलुकमा काममा जाने श्रमिकहरू त कर्पोरेट पूँजीवादका आधुनिक दास जस्ता हुन्। तिनीहरूलाई मजदुरले पाउने कुनै पनि अधिकार प्राप्त छैन तर पनि जीवन यापनका लागि नेपाली युवाहरू खाडीलाई गन्तव्य बनाउन विवश छन्। युरोप अमेरिकामा विभिन्न उद्देश्यले गएका नेपालीहरू सबैलाई राम्रो छैन। कतिपय युवाहरू त्यहाँको शोषण, हिंसा, अपराध आदि देखेर निराश भई मानसिक रोगी भएका उदाहरणहरू प्रशस्त छन्। कतिपय युवाहरू छाडा, अनुशासन विहीन भएर दुर्व्यसनमा लागेका पनि भेटिन्छन्। प्रत्येक दिन एभरेजमा २ जना नेपाली युवाहरूको शब विदेशबाट बाकसमा प्याक भएर देशभित्र भित्रिन्छ। घरमा बृद्ध आमाबुवाले बुढेशकालमा सहारा नपाएर होमसिकको विरामी भएर छटपटाएका भेटिन्छन्। बुढेसकालमा आफ्ना सन्तानलाई देख्न नपाउँदाको पीडा र बेदनाले बृद्धबृद्धाहरूलाई ठूलो बेचैन बनाएको छ। पति पत्नीका बीचको लामो विछोडले नेपाली समाजमा केही विकृतिहरू पनि पैदा गराएको छ। त्यसले नेपाली समाजलाई विगार्दै गएको छ।

समग्रमा शिक्षित या अशिक्षित जुनसुकै अवस्थाका किन नहोऊन्। युवाहरूको देशबाट पलायनले कदापि मुलुक विकास र समृद्धिको दिशामा अगाडि जान सक्दैन। प्राकृतिक साधन स्रोतले सम्पन्न यो मुलुकलाई अगाडि बढाउन सरकार र सचेत नागरिकले सोच्नैपर्ने बेला आएको छ। जापान, चीन, मलेशिया सिङ्गापुरलगायत हामा वरिपरिका मुलुकहरू देशका युवाहरूले विदेशमा पसिना बगाएर समृद्ध भएका होइनन्, विदेशमा पढेर सो दक्षता आफ्नो देशमा प्रयोग गरेर समृद्धिमा फड्को हानेका हुन्। हामीले पनि लाहुरे मानसिकता त्यागौँ कि, देश बन्यो भने त त्यत्तिकै हाम्रो घर बनिहाल्छ नि ! शिक्षा आर्जन गरेर विदेशमा प्राप्त गरेको दक्षता देशभित्र लगानी गरेमा मात्र देशको भविष्य उज्ज्ल हुन्छ। यसको वातावरण मिलाउने जिम्मेवारी सरकारको हो। तर सरकार गम्भीर छैन।


# युक्रेनमा जुन देशका सेना देखिन्छन् ती–ती देशमै आक्रमण गरिनेछ : पुटिन

काठमाडौं। रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले युरोपेली देशहरूको पेरिसमा सम्पन्न शिखर बैठकपछि युक्रेनमा युद्धविराम भएलगत्तै पठाइने भनिएको 'रिअस्युरेन्स फोर्स' (सैन्य बल) सम्बन्धी प्रस्ताव अस्वीकार गरेका छन्।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंनले बिहीबार २६ वटा मित्रराष्ट्रहरूले युद्ध रोकिएलगत्तै भूमि, समुद्र वा हवाईमार्गबाट सुरक्षा बल पठाउने प्रतिबद्धता जनाएको बताएका थिए। तर उनले कुन-कुन देश सहभागी हुने भन्नेबारे खुलाएका छैनन्।

पुटिनले सो पहललाई अस्वीकार गर्दै यस्ता विदेशी सैनिकलाई 'वैध लक्ष्य' ठहरिने चेतावनी दिएका छन्। उनले भने, 'अवैध रूपमा युक्रेनमा देखापर्ने कुनै पनि सेना आक्रमणको लक्ष्य हुनेछ।'

अलास्कामा गत महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको शिखर बैठकपछि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीलाई समेत सहभागी गराएर सम्भावित शान्ति सम्झौता हुने आशा जागेको थियो तर अहिले तत्काल युद्धविराम हुने सम्भावना न्यून देखिएको छ। पुटिनले शुक्रबार पत्रकारहरूसँग भने, 'म युक्रेनी नेतासँग सम्पर्क गर्न तयार छु, तर खासै अर्थ देख्दिनँ, किनकि मुख्य विषयमा सहमति सम्भव छैन।'



त्यसैबिच, ट्रम्पले सामाजिक सञ्जालमार्फत् 'भारत र रुस गहिरो रूपमा चीनतर्फ ढल्किएको' दाबी गर्दै तीन देशका नेताहरूको तिञ्जिनमा भएको बैठकको तस्बिरसमेत साझा गरेका छन्। पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले ट्रम्पको पहललाई 'धेरै नै रचनात्मक' भन्दै प्रशंसा गरे पनि युरोपेली मुलुकहरूको प्रयासलाई 'युद्धलाई लम्ब्याउने काम' भनेर आलोचना गरेका छन्।

'कोएलिसन अफ द विलिङ' नामक गठबन्धन (बेलायत र फ्रान्सको नेतृत्वमा) युद्धविराम भएपछिको सुरक्षाका लागि तयारी गरिरहेको छ। यस अन्तर्गत युक्रेनको सेना बलियो बनाउने र सीमा क्षेत्रमा सुरक्षा गस्ती गर्ने योजना रहेको छ।

म्याक्रोंनले सुरक्षा बललाई 'नयाँ ठुलो आक्रमण रोक्नका लागि मात्र' पठाइने स्पष्ट पारेका छन्। उनले भने, 'यो बलको उद्देश्य रुससँग युद्ध गर्ने होइन।'

युक्रेनी राष्ट्रपति जेलिन्स्कीले पेरिस बैठकमा गरिएको निर्णयलाई 'पहिलो ठोस कदम' भनेका छन्। उनले हजारौँ विदेशी सैनिक युक्रेन पठाइने बताए पनि अझै यसबारे विस्तृत खुलासा गर्न समय बाँकी रहेको जनाएका छन्।

अमेरिकाले आफ्नो भूमिका खुलेर बताएको छैन। म्याक्रोंनका अनुसार केही दिनमै वासिङ्टनको सहभागिता स्पष्ट हुनेछ। ट्रम्पले अघिल्लो हप्ता अमेरिकाको सहयोग 'हवाई सुरक्षामा' केन्द्रित हुने सङ्केत दिएका थिए।

पुटिन र ट्रम्पबिच निकट भविष्यमा पुनः संवाद हुने भएको छ। दुवै नेताले 'खुला र सकारात्मक संवाद' भइरहेको बताएका छन्। रुस–युक्रेन युद्ध अब समाप्तिको अन्तिम अवस्थामा आइपुगेको बताइन्छ। त्यसका लागि अब ३ वटा कामहरू हुन जरुरी छ।

१) रुसले युक्रेनलाई समाप्त पार्नुपर्छ
२) युक्रेनले रुसलाई पछि धकेल्नु पर्छ
३) शान्तिवार्ता सफल भएर युद्ध रोकिनु पर्छ।

यी कामहरूमध्ये पहिलोमा रुसले आफ्नो उद्धेश्य युक्रेनी भूमि कब्जा गर्ने उद्धेश्य नभएको बरु युक्रेन नेटोमा जान नहुने, युक्रेन तटस्थ राष्ट्र हुनुपर्ने बताएको छ, जुन पुरा हुनको लागि अमेरिका तयार भएपनि युरोपेली देशहरू तयार छैनन्। यसैकारण युद्ध लम्बिएको छ। दोस्रोमा झण्डै २५ प्रतिशत भूमि गुमाइसकेको युक्रेनले रुसलाई पछि धकेल्न सक्ने अवस्था छैन। तेस्रोमा रहेको शान्तिवार्तामार्फत् युद्ध समाप्त हुनका लागि रुस र युक्रेन तथा युरोपेली देशहरूका शर्तहरू बाधक बनेका छन्।

युक्रेनी नेता जेलेन्स्की नेटोमा समावेश भएर युक्रेनलाई रुसबाट सुरक्षित राख्न चाहन्छन् भने रुस युक्रेनलाई तटस्थ राष्ट्र बनाएर नेटोमा आवद्ध हुनबाट रोक्न र आफ्नो देशको सुरक्षाको ग्यारेन्टी गर्न चाहन्छ। तर पूर्वीयुरोपमा नेटोको सेना विस्तार नगर्ने शर्तबाट अमेरिका र युरोपेली देशहरू पछि हटेर रुसलाई धोका दिएका कारण रुस सजिलै युक्रेनबाट पछि हट्ने सम्भावना छैन।

यस्तो अवस्थामा ट्रम्प रुससित लडेर रुसलाई जित्न नसकिने देखेर पुटिनसित वार्ता गरी युद्ध रोक्न चाहन्छन् भने युक्रेनलाई नेटोमा आवद्ध हुनबाट रोकेर रुसको सुरक्षाको ग्यारन्टी भएमा पुटिन युद्ध रोक्न चाहन्छन् भन्ने बुझ्न सकिन्छ। यस्तो अवस्थामा उनीहरूका रणनीतिहरू कसरी अगाडी बढ्लान् यसै भन्न सकिन्न।

पछिल्लो चरणमा नेटो देशहरूले युक्रेनलाई थप पैसा र हतियार दिने र रुससितको लडाइँ थप चर्काउने तयारीमा रहेको थाहा पाएका पुटिनले युक्रेनमा जुन जुन देशका सेना देखिन्छन् ती–ती देशहरूमै आक्रमण गर्ने धम्की दिएका छन्। यस्तो अवस्थामा उनीहरूले लिने नीतिहरू नै अबको युक्रेन युद्धको भविष्य निर्धारण हुनेछ।

# किसान विरोधी भूमि विधेयक



● मनु वि.क. ●

**भूमि विधेयकमा वर्षौंदेखि जग्गाको जोतभोग गर्दै आएका र आफ्नो नाममा जग्गाको लालपूर्जा नपाएका मोहीहरूको कुरा सम्बोधन गर्नु पर्दथ्यो तर त्यो सम्बोधन हुन सकेको छैन। स्वर्गद्वारी गुठी पीडितहरुले लामो समय सम्म संघर्ष गरे मोहीको नाममा जग्गा रैतानीको विषयलाई लिएर उनीहरू काठमाडौं केन्द्रित आन्दोलनमा समेत आएर संघर्ष गरे उनीहरुको विषय जस्ता विषयहरुलाई भूमि विधयेकले समेट्न नसक्नु निकै दुःखद छ। मोहीहरू हातमा लालपूर्जा नहुँदा पीडित बनेका छन्।**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले प्रतिनिधि सभामा प्रस्तुत भूमि विधेयक २०८२ साल भाद्र १३ गते प्रतिनिधि सभाको बहुमतले पारित गरेको छ। भूमि विधेयकलाई लिएर किसान संगठनहरूले विरोध जारी राखेका छन्। कतिपय किसान संगठनहरूले यसमा सुधार गर्न पर्ने माग गरे। भूमि विधेयकलाई लिएर संसदमा प्रतिनिधित्व गर्ने दलहरू मध्ये केही दलहरूले विरोध पनि गरे। विधेयकलाई सरकारले अध्यादेश मार्फत पारित गराउन खोजेको थियो। तर भूमि विधेयकमा रहेका कतिपय प्रावधानहरूको विषयलाई लिएर यो रोकिएको थियो। अहिले प्रतिनिधि सभाको बहुमतले भूमि विधेयकलाई पारित गरेको छ। अब यो विधेयक राष्ट्रिय सभाबाट पारित भएपछि र राष्ट्रपतिले जारी गरे पछि भूमि ऐनको रूपमा आउने छ।

यो विधेयकमा रहेका प्रावधानहरूले भूमाफिया,जग्गा दलाल र हाउजिङ कम्पनीहरूलाई केन्द्रमा राखेको छ। यो विधेयकले भूमिहीन गरिब,सुकुम्बासी र दलितहरूलाई जग्गा वितरण गर्ने भने पनि उनीहरूसँग तोकिएको दस्तुर लिएर मात्रै उनीहरूलाई लालपूर्जा वितरणको कुरा गरेको छ। यो विधेयकमा अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्न भनिएको छ तर कहाँ व्यवस्थित गर्ने भन्ने छैन। राष्ट्रिय निकुञ्ज तथा जंगल क्षेत्रको विनासलाई बढावा दिने देखिन्छ। यो विधेयकमा देखाउने एउटा र अर्कालाई पोस्ने नीति रहेको छ।

भूमि विधेयकमा रहेको प्रावधानले हाउजिङ कम्पनीहरूलाई जग्गा कारोबारीहरूलाई सुविधा दिने छ। यसको उद्देश्य हेर्दा मात्रै पनि सो बुझ्न सजिलो हुन्छ। भूमि विधेयकको उद्देश्यमा यो भनिएको छ - प्रचलित कानुन बमोजिम घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हद भित्रको जग्गा विकास गरी त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेण्ट) निर्माण गरी बिक्री गर्न पाउने कानुनी व्यवस्था मिलाउन तथा भूमिहीन दलित,भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न आवश्यक देखिएकाले भूमि सम्बन्धी ऐन २०२१ लाई संशोधन गर्नको लागि आवश्यक भएको घर ,जग्गा व्यवसाय गर्न अनुमति लिएका कम्पनीहरूलाई घरजग्गा व्यवसाय सञ्चालनका लागि सहजीकरण गर्न तथा भूमिहीन दलित भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने" त्यस्तै यो विधेयकले हदबन्दी भन्दा बढी जग्गा राख्न पाउने व्यवस्था गरेको छ। हदबन्दी भन्दा बढी जग्गा राख्न पाउने अनुमति यो विधेयकले दिएको छ। हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमति लिएर हदबन्दी भन्दा बढि जग्गा राख्न पाउने छन्। हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमति प्राप्त गर्नु अघि कुनै सार्वजनिक संस्था उद्योग, कम्पनी, प्रतिष्ठान शैक्षिक संस्था, आयोजनाका संघ संस्थाले जग्गा उपयोग सम्बन्धी विस्तृत परियोजना बनाएर अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराइ हदबन्दी भन्दा बढी जग्गा राख्न पाउने छन् भनिएको छ।

विधेयकमा रहेको प्रावधानहरूलाई हेर्दा सरकार भूमिहीन गरिब,किसान,मजदुर, दलितहरूको पक्षमा भन्दा पनि जो जग्गा कारोबारी छन्, जो हाउजिङ कम्पनी दर्ता गरेर जग्गाको कारोबार गर्दै आएका छन् ,जसको हदबन्दी भन्दा बढी जग्गा राख्ने अनुमति पाएका छन् उनीहरूलाई ध्यान दिएको छ।

जसको माथिल्ला स्तरका नेता,मन्त्रीहरूको पहुँचमा छन् उनीहरूलाई ध्यान दिन्छ। अझै कुनै पनि दलका नेता कार्यकर्तालाई जग्गा उपलब्ध गराउनलाई यसले सहजता प्रदान गर्छ। यो विधेयकले प्रक्रिया पुऱ्याएर हदबन्दी भन्दा बढी जग्गा राख्न छुट दिन्छ। संघ संस्थाको नाममा लगेर जग्गाहरू हदबन्दी भन्दा बढी राख्न यो विधेयकले कुनै रोकबार लगाउँदैन।

विधेयकमा रहेको प्रावधानहरूले प्राकृतिक साधन स्रोतको दोहन बढाउने देखिन्छ। नेपाली जनताले यस्तो किसिमको विधेयकको आस गरेका थिएनन्। जो भूमिहीन हुन उनीहरूले हदबन्दी भन्दाबढी जग्गा पाउने कुरा हुँदैन ,पाउँछन् त जो सम्पन्नशाली भएर जग्गा कारोबार गर्दै आएका छन् उनीहरूले मात्रै राख्न सक्छन्। जो दलित भूमिहीन छ ,जो अव्यवस्थित बसोबासी छ, जो जीवन जीउन जोखिमयुक्त स्थानमा बस्नु परेको सुकुम्बासी छ उनीहरूलाई हदबन्दी भन्दाबढीको जग्गा राख्ने कुनै अधिकार छैन। उनीहरूलाई त तोकिएको स्थानमा मापदण्ड बनाएर जग्गा उपलब्ध गराउने कुरा उल्लेख छ।

नेपाली जनताले लामो संघर्ष गरेर अधिकारहरू स्थापित गर्दै आएका हुन्। जो अहिले पनि एक गास खान र एक आङ लगाउनकोलागि जीवन मरणको संघर्ष गर्नु पर्छ। उनीहरूको पक्षमा सरकार छैन। सरकारले ल्याएको भूमि विधेयकले त्यही बताउँछ। अझै दलित, भूमिहीन, सुकुम्बासीलाई देखाएर हुकुमबासीको स्वार्थ परिपूर्ति गर्नीतिर सरकार लागेको छ। सरकारले संघ संस्थाहरू दर्ता गरेर उनीहरूको नाममा जतिपनि जग्गा राख्न पाउने व्यवस्था गर्दैछ। यो व्यवस्था कसलाई केन्द्रमा राखेर गरिँदैछ ? अपार्टमेण्ट बनाएर बिक्री गर्न सहज बनाउन यो विधेयक ल्याइएको भनिँदैछ ,त्यो कसको हितमा हुँदैछ भन्ने कुरा जसले पनि बुझ्न सक्ने कुरा हो। संघ, संस्थाको बहाना गरेर विदेशी कम्पनीहरूलाई नेपाली जग्गाहरू सुम्पिने चलखेल पनि हुन सक्छ। सरकारले विदेशी लगानीमा समृद्ध बन्ने सपना देखेको छ। विदेशी आउ,लगानी लगाउ, नाफा कमाएर जाउ भन्दै लगानी सम्मेलनहरू गर्दै बसेको छ। यो विधेयकमा रहेको प्रावधानहरूलाई टेकेर कुनै लगानी कर्ताले लगानीको नाममा जति पनि जग्गा राख्न खोजेमा पनि यो विधेयकले छुट दिन्छ।

यो विधेयकले निजीकरण र व्यापारीकरणलाई प्रोत्साहन गर्छ। सरकारले सही भू -उपयोगको विधेयक ल्याउन सकेन। सरकार भूमिहीनलाई जग्गा दिने भनिए पनि तोकिएको शुल्क लिने भनिएको छ। सरकारले कसरी गरिब दुःखीहरूलाई ठग्न चाहेको छ भन्ने कुरा यहाँबाट सजिलै बुझ्न सकिन्छ। सरकारले चाहेको भए सुकुम्बासी भूमिहीनलाई बिना शुल्क जग्गा जमिन उपलब्ध गराउने व्यवस्था गर्न सक्थ्यो तर त्यस्तो व्यवस्था यो विधेयकमा छैन। तोकिएको शुल्क लिएर बसोबासकोलागि जग्गा उपलब्ध गराउने भनिएको छ। तोकिएको शुल्क भनेको कति हो ? चाहेमा जति पनि तोक्न पाउने हो वा के हो ? यसले जुन भूमिहीन ,दलित सुकुम्बासी र अव्यवस्थित बसोबासी छन् उनीहरूलाई झनै पीडा दिन्छ। अहिले करको नाममा मालपोत कार्यालयहरूले लिने शुल्क अत्यन्त चर्को छ। त्यस्तै चर्को शुल्क तोक्नकोलागि यो विधेयकले बाटो दिन्छ। नेपाली जनताले अधिकार प्राप्तिकोलागि भनेर ठूला ठूलाआन्दोलन गरेका हुन् तर पनि सरकार भने दलाल माफिया, भ्रष्ट र धनीमानीहरूलाई संरक्षण गर्न विदेशीहरूको हितलाई ध्यानमा राख्न व्यस्त हुन्छ। जनहित विपरीतका कार्यहरू गर्न सजिलैसँग सक्छ। भूमि विधेयकमा पनि त्यस्तै भएको छ। कोही कसैको निश्चित वर्गको स्वार्थ परिपूर्तिका लागि सरकारले जसरी भए पनि नीति बनाउन चाहेको छ।

नेपाली जनताले पटक पटक गरेको संघर्षबाट जनउत्तरदायी सरकार बन्न सकेको छैन। नेपालमा भू-उपयोगको नीति सही बन्न सकेको छैन। भूमिको सही सदुपयोग कसरी गर्ने ? उत्पादनलाई कसरी बढाउने र आत्मनिर्भर अर्थतन्त्र कसरी बनाउने भन्ने बारेमा सही नीति बन्न सकेको छैन।भूमि विधेयकले उत्पादनको साधन भूमिको सही सदुपयोग कसरी गर्न सकिन्छ ? भनेर सोच्न सकेको छैन। अहिलेको आवश्यकता उत्पादन हो। देश कृषिजन्य उत्पादनदेखि लिएर सबैमा परनिर्भर हुँदै गएको छ। यो समस्याको हल गर्ने खालको सही भू-उपयोग नीति यो विधेयकले ल्याउनु पर्थ्र्यो कोही पनि अपार्टमेण्ट बनाउन नपाएको पीरमा बसेको छैन। गाउँघरहरू रित्ता ,खाली भएका छन्।

अपार्टमेण्ट चाहिएको भनेको ठगी खाने वर्गलाई हो ,काम गरी खाने महान मानवलाई त काम गर्ने ,पसिना पोखेर पसिना उमार्ने जग्गा जमिन चाहिएको छ। पेट भर्ने खाद्यान्न उमार्न परेको छ। यो कुरा सरकारले बुझ्ने कुरा भएन। जो जसले घडेरी बनाएर बेच्छन्।जो जसले अपार्टमेण्ट बनाएर बेच्छन् उनीहरूले मन्त्री वा पार्टीलाई रकम दिन्छन् होला त्यही भएर यस्तो विधेयक आएको छ। सरकारले देखाउँदा भूमिहीनलाई देखाएको छ तर विधेयकमा गरेका व्यवस्थाले भूमिहीन हैन धनीहरू जो वर्षौंदेखि जग्गामा राइँदाइ गरी अर्कालाई कज्याएर खाएर बसेका छन् उनीहरूलाई फाइदा पुऱ्याउँछ। यो विधेयकले उब्जाउ जग्गाहरूलाई कङ्क्रिटमा परिणत गर्न चाहेको छ। जग्गाहरूलाई उत्पादनकोलागि लगाउनु भन्दा घरजग्गा बनाएर हाउजिङको रूपमा विकास गर्ने कुरा घर घडेरी बनाएर बिक्री वितरण गर्ने कुरा कोही पनि भूमिहीनको कुरा होइन।

अहिलेको यो व्यवस्था भनेको गरिब, सुकुम्बासी, महिला दलितहरूको पक्षमा रहेको र उनीहरूको समस्या समाधान गर्ने खालको व्यवस्था होइन। जति सक्दो प्रकृति होस् या मान्छेका सक्दो रूपमा दोहन गरेर आफूलाई उच्च स्तरको देखाउने, साधन स्रोतको अत्यधिक दोहन गरेर आफूलाई सुविधासम्पन्न बनाउने व्यवस्था हो। यो व्यवस्थाका मालिकहरूले कुनै पनि देशको साधन स्रोतको सही सदूपयोगको विषयमा सोच्ने कुरा हुँदैन। भू-उपयोगको नीतिको बारेमा पनि सोच्ने कुरा हुँदैन। कसैको प्रभावमा परेर बनाइएको कानुन, ऐनले उनीहरूलाई नै फाइदा पुऱ्याउँछ। अहिलेको भूमि सम्बन्धी विधेयकले पनि ठूला ठालूलाई नै केन्द्रमा राखेको छ।

भूमि विधेयकमा वर्षौंदेखि जग्गाको जोतभोग गर्दै आएका र आफ्नो नाममा जग्गाको लालपूर्जा नपाएका मोहीहरूको कुरा सम्बोधन गर्नु पर्दथ्यो तर त्यो सम्बोधन हुन सकेको छैन। स्वर्गद्वारी गुठी पीडितहरूले लामो समय सम्म संघर्ष गरे मोहीको नाममा जग्गा रैतानीको विषयलाई लिएर उनीहरू काठमाण्डौ केन्द्रित आन्दोलनमा समेत आएर संघर्ष गरे उनीहरूको विषय जस्ता विषयहरूलाई भूमि विधयेकले समेट्न नसक्नु निकै दुःखद छ। मोहीहरू हातमा लालपूर्जा नहुँदा पीडित बनेका छन्।

हदबन्दी भन्दा बढी रहेको जग्गाहरू बिना मुआब्जा लिएर गरिब, भूमिहीन, सुकुम्बासीलाई जोतभोग गर्न दिएर उत्पादनलाई बढाउनु पर्ने नीति सरकारको हुनु पर्ने हो तर घरजग्गा कारोबारीलाई केन्द्रमा राखिएको छ। विदेशी कम्पनीहरूलाई ध्यानमा राखिएको छ। जसले नेपाली भूमिलाई कब्जामा राखेर आफ्नो स्वार्थ सिद्ध गर्न सक्छन् उनीहरूको स्वार्थलाई ध्यानमा राखिएको छ। सरकार गरिब दुःखीको छैन। सरकार दलालहरूको छ ,यसकारण नीति बनाउँदा उनैलाई ध्यानमा राखेर बनाउँछ। आफ्नै देशका नागरिकलाई भूमिहीन सुकुम्बासी बनाउने नीति सरकारको छ। कम्पनीहरूका नाममा जग्गाहरू राख्न पाउने भएपछि जो नेपालीहरू हुन् उनीहरू नै जग्गा विहीन हुनेदेखिन्छ। यसकारण भूमि विधेयकमा रहेका गलत प्रावधानहरूको विरोध गर्ने र नेपाली भूमिहीन सुकुम्बासीको समस्या समाधान गर्न ध्यान दिनु पर्दछ। सही भू-उपयोगको नीति निर्माणका लागि संघर्ष गर्नु पर्दछ।

# सरकार, गरीब बाँच्नुपर्दैन ?

❑ अनुषा थापा

पछिल्लोसमय आर्थिक मन्दीको बहानामा कामदारहरूको श्रमशोषण गर्ने क्रम बढेको छ। तलब नमागुञ्जेल काममा लगाउने र मागेपछि कामबाट निकाल्ने प्रवृत्ति मौलाएको छ। निजी संघसंस्था, सुपरमार्केट, पसलहरूमा यस्तो धन्दा चलेको छ। त्यसैगरी, घराशायी कामदारहरूलाई पनि तलब नदिने र तलब मागेपछि निकाल्न थालिएको छ।

तीनदेखि एक वर्षसम्म तलब नपाउनेहरू असंख्य छन्। तलब नपाएपनि उनीहरूले काम गरिरहेका थिए। हाल उनीहरूलाई पैसा नदिइकन धमाधम निकालिएको छ। पुरानो तलब नदिने अनि नआइज भनेर खाली हात पठाइदिने। बाँकी भएको तलब पछि दिन्छु भन्ने तर कहिले दिने ? थाहा छैन।

निर्माण क्षेत्र, बैंक तथा वित्तिय संस्था, होटल-रेष्टुरेण्ट, मिडिया, प्राइभेट अफिस, पार्टी प्यालेस, सुपरमार्केट, रिकण्डिशन सेन्टर, अटोशोरुम, बोर्डिङ स्कुल, निजी अस्पतालमा तलब पचाइदिने काम भइरहेको छ। पुरानोलाई निकाल्ने अनि नयाँलाई तीन-चार महिना काम हेर्नुछ भन्दै फ्रिमा काममा लगाउने।

निजी संघसंस्थामा पुरानोलाई निकाल्ने र नयाँ भर्ती गर्ने क्रम चलिरहेको छ। यसो गर्दा उनीहरूलाई तलब दिनुपर्ने झण्झट नै हुँदैन। केही वर्षयता बैंकमा संकट देखिएको छ। ऋण लिने मान्छे छैनन् भने पहिलेकै ऋणीहरूले ऋण तिरिरहेका छैनन्। जसका कारण बैंकमा खराब कर्जा बढेको छ।



उता, लिलाम गरेको धितोहरू पनि बिक्री नभइरहेको अवस्था छ। यसले गर्दा बैंकहरूलाई समस्या भएको छ। बैंक तथा वित्तिय संस्थाले ठूलो संख्यामा कर्मचारी कटौती गरिरहेको छ भने बैंकहरू "मर्ज" हुने क्रम पनि जारी छ। बैंकले एउटै व्यक्तिमाथि अर्बौं रूपैयाँ लगानी गरेको छ।

पहुँच पुगेकाहरूलाई बैंकले आँखा चिम्लेर धमाधम लगानी गऱ्यो। जसले गर्दा बैंकलाई हाल कर्जा उठाउन धौ-धौ परेको छ। एउटा व्यक्तिमाथि लगानी गर्नुको साटो बैंकले धेरैलाई ऋण दिनुपर्थ्यो। यसो हुँदा बैंकको ऋण उठ्ने सम्भावना बढी हुन्थ्यो। एउटैमाथि लगानी गरेपछि त्यहाँ व्यवसाय वा व्यक्ति डुबेपछि बैंक डुब्यो कि डुबेन ?

अहिले बैंकमा भएको त्यही नै हो। यतिबेला व्यापार डामाडोल छ। दिनमा लाखौंको कारोबार गरिरहेका व्यापारीहरू हाल केही लाखमा खुम्चिनुपरेको छ। यसले व्यापारी समस्यामा परेका छन्। तीन भागको एक भाग पनि व्यापार छैन। जसले गर्दा निजी संघसंस्थाले धमाधम कर्मचारी निकाल्न थालेका हुन्।

हुन त पछिल्लो समय सर्वसाधारणसँग पैसा छैन। खान नै समस्या छ। बिहान खाए, बेलुका के खाने ? भन्ने चिन्ता सर्वसाधारणलाई छ। बेरोजगारी धेरै छ, काम गरेको ठाउँमा पनि तलब नपाइरहेको अवस्था छ। यता, आम्दानी भइरहेकाहरूले पनि आर्थिक मन्दीको बहाना बनाउन थालेका छन्।

अरूलाई खानै पर्दैन, लाउनै पर्दैन, कोठाभाडा तिर्नैपर्दैनजस्तो गर्छन्। के धनीले मात्र खानुपर्ने हो ? सरकारी कर्मचारीलाई मात्र भोक लाग्छ ? राजनीतिक दललाई मात्र खानु-लगाउनुपर्ने हो ? जनताचाँहि के सडकमा सुत्ने ? उनीहरूलाई भोक लाग्दैन ? खानु पर्दैन ? अनि तलब दिनुपर्छ कि पर्दैन ?

काम गरेपछि पारिश्रमिक पाउनु हरेक कामदारको अधिकार हो। र, त्यो कानुनले पनि भनेको छ। विडम्बना, यहाँ कानुन कागजको खोस्टा र सरकार पहुँचवाला र व्यापारीको गुलाम हो। जसका कारण जनताको आवाज यहाँ सुनुवाइ हुँदैन। सरकारले १७ हजार तीन सय रूपैयाँ न्यूनतम तलब तोकेको छ।

बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र काम लगाउन पाइन्छ। दशैं खर्च एक महिनाको तलबबराबर र उपचार खर्च पनि कामदारलाई दिनुपर्छ। घरायसी कामदारहरू अहिलेदेखि मासिक तीन हजारदेखि पाँच हजार रूपैयाँसम्म काम गर्न बाध्य छन्। बिहान-बेलुकाको जुठो भाडा मोल्ने, लुगा धुने, घर पुछ्नेलगायतका काम लगाएर त्यति पैसा दिइन्छ।

संघसंस्था, पसलहरूले १० देखि १५ हजार रूपैयाँ मासिक तलब दिइन्छ। पहिले नै कम तलब दिन्थें, अहिले त कामबाटै हटाइरहेका छन्। शोषकीहरूले श्रमिकको रगतपसिना चुस्नुसम्म चुसेका छन्। गाडीमा चढ्नेबित्तिकै आधा किलोमिटरमा २५ रूपैयाँ तिर्नुपर्छ। २५ किलोको एक बोरा चामलको तीन *बाँकी ५ पेजमा*

# लिपुलेकको बाटो हुँदै चीन र भारतबीच व्यापार



● शालिकराम भण्डारी ●

**अहिलेलाई भर्खर भएको लिपुलेक हुँदै भारत र चीन बीच हुने व्यापार सन्धि हो । भारतको हस्तक्षेपकारी नीति विरुद्ध नेपालमा धेरै लामो समयदेखि संघर्षहरू भैरहेका थिए, हालै मात्र अर्को एउटा नयाँ घटना थपिएको छ । अव त व्यापार सन्धि गरेर चीन पनि भारतको नीति सँग सहमत हुन थालेको छ । नेपालको क्षेत्र मिच्ने काममा चीनको पनि सहभागिता हुनु दुःखदायी भएको छ । नेपालमा चेतनशील जनता र क्रान्तिकारी पार्टीहरूले यसको तीव्र विरोध गरेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले एक प्रेस विज्ञप्ति जारी गरी विरोध जनाएकोछ– यो सन्धि नेपाललाई हेप्ने दबाउने नीतिले भनेको छ । समस्त यो नीति विरोधी जनता क्रान्तिकारी पार्टीहरू व्यक्ति समूहलाई विरोधमा उत्रिन आह्वान गरेको छ । सरकारले आत्म समर्पणवादी नीति त्यागेर यसको विरुद्धमा काम गर्न आग्रह गरेको छ । तर यो गठबन्धन सरकारका प्रमुखहरू प्रतिपक्ष समेत एक शब्द बोल्दैनन् । अवसर हेरेर जनतालाई भ्रम पार्न बोले जस्तो आडम्बर देखाउँछन् ।**

लिपुलेक, लिम्पियाधुरा, कालापानी शुरुदेखि कै नेपाल पर्छन् । अंग्रेजले डेढसय वर्षभन्दा बढीसम्म भारतमा औपनिवेशिक शासन गरे । अहिले यहाँका राजनैतिककर्मी बुद्धिजीवी र भूगोलविदहरू भन्ने गर्छन् नेपाल कहिले परतन्त्र रहेन । वास्तवमा त्यो मत शतप्रतिशत सही छैन । त्यसबेला पनि नेपाल अर्ध उपनिवेश थियो ।

१९४७ मा भारत मुक्तभयो, अंग्रेजले नेपालप्रति लिंदै आएको नीति स्वतन्त्र प्रजातान्त्रिक भारतले त्यही नीति आफ्नै नयाँ ढंगले प्रयोग गर्दै आएको छ । एउटा विषयमा भारतको नेपालप्रतिको नीति केही फरक हुन गएको छ-त्यो हो हस्तक्षेपकारी नीति । भक्ति देखाएर मात्र भारत अहिले सन्तुष्ट हुँदैन । उसको इच्छा यहाँको राजनैतिक, आर्थिक, भौगोलिक साँध सीमामा अधिकार विस्तार गर्नु रहेको छ । त्यसैको परिणाम हो । नेपालको भौगोलिक नक्सामा पर्ने क्षेत्र लिपुलेक, लिम्पियाधुरा र कालापानी निर्धक्कसँग आफ्नो नक्सामा अंकित गर्नु साथै अन्य साँध सीमा मिच्दै जानु जस्तै सुस्ता, टनकपुर आदि आदि । दुई देश बीचको सीमा छुट्याउन राखिएका पीलरहरू समय समयमा हटाइनु सारिनु यस्ता कामहरू निरन्तर भैरहेका छन् । राष्ट्रवादी, राष्ट्रप्रेमी त्यस क्षेत्रका जनताले दिनप्रति भोग्न परेका घटनाहरू सुनि नसक्नु छन् । दलाल, नोकरशाही पुँजीपति र आर्थिक रूपले जीवित रहेका सामन्तीहरू तिनका संरक्षक पार्टीहरू बाहेक अन्य जनता भारतको हेपाहा नीति विरुद्ध संघर्ष गरिरहेका छन् । यो त पृष्ठभूमि मात्र हो ।

अहिलेलाई भर्खर भएको लिपुलेक हुँदै भारत र चीन बीच हुने व्यापार सन्धि हो । भारतको हस्तक्षेपकारी नीति विरुद्ध नेपालमा धेरै लामो समयदेखि संघर्षहरू भैरहेका थिए, हालै मात्र अर्को एउटा नयाँ घटना थपिएको छ । अव त व्यापार सन्धि गरेर चीन पनि भारतको नीति सँग सहमत हुन थालेको छ । नेपालको क्षेत्र मिच्ने काममा चीनको पनि सहभागिता हुनु दुःखदायी भएको छ । नेपालमा चेतनशील जनता र क्रान्तिकारी पार्टीहरूले यसको तीव्र विरोध गरेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले एक प्रेस विज्ञप्ति जारी गरी विरोध जनाएकोछ- यो सन्धि नेपाललाई हेप्ने दबाउने नीतिले भनेको छ । समस्त यो नीति विरोधी जनता क्रान्तिकारी पार्टीहरू व्यक्ति समूहलाई विरोधमा उत्रिन आह्वान गरेको छ । सरकारले आत्म समर्पणवादी नीति त्यागेर यसको विरुद्धमा काम गर्न आग्रह गरेको छ । तर यो गठबन्धन सरकारका प्रमुखहरू प्रतिपक्ष समेत एक शब्द बोल्दैनन् । अवसर हेरेर जनतालाई भ्रम पार्न बोले जस्तो आडम्बर देखाउँछन् । वास्तविक विरोध शब्दमा मात्र सीमित भएको छ ।

अहिले नेपाली जनता भारतको मोदी सरकारले यहाँ नाकाबन्दी लगाउँदाको बेला भन्दा धेरै चेतनशील भएका छन् । सानो तिनो सुझबुझले काम गर्न सक्दैन । समस्या समाधान गर्ने नीति बनाउन थाल्यो । सानातिना विषयमा झै झगडा गर्ने, आरोप प्रत्यारोप लगाउने अहम् प्रदर्शन गर्ने केन्द्र बनेको छ । यो राष्ट्रियताको महत्वपूर्ण विषय यिनीहरूको कार्यसूची भित्र पर्न सकेको छैन । बरु भारतका वरिष्ठ पत्रकार आनन्द स्वरूप वर्माले आफ्नो सरकारलाई चेतावनी दिंदै भनेका छन्– लिपुलेक नेपाल कै हो । भारतले मिचाहा काम गर्न हुँदैन नेपाललाई फिर्ता गर्नु पर्छ । उनले यो पनि भनेका छन्, स्वतन्त्र भारत सरकारले केही समयको लागि भारतीय सेना राख्न दिन पर्‍यो भनी अनुरोध गरेकोले राजा महेन्द्रले दिएका हुन् । यसमा नेपाल बाहेक कसैको हक लाग्दैन । एकातिर भारतका इमानदार चिन्तक त्यस्तो भन्छन्, तर नेपालका राजनैतिक नेताहरू सत्तामा घुन पुत्लो नलागोस् भनेर यथार्थता छिपाई रहेका छन् । कसरी हो त नेपालको सार्वभौमिकता, स्वाधीनता जोगाई राख्ने ? सत्तामा खलबल पर्‍यो भने भारततिर पटकपटक यात्रा गर्छन् । भारतको इच्छा जसले पूरा गर्न सक्छ, उसको सत्तामा केही घुनपुत्लो लाग्दैन । अहिलेको धर्ममा आधारित राजनीति गर्ने मोदी सरकारले यस क्षेत्रमा आफ्नो शक्ति वृद्धि गर्न यह नीतिलाई अनुसार गरिरहेकोछ । नेपालका यी क्षेत्रहरू भारतको नक्सामा दर्ता भैसकेका छन् तर कांग्रेस ओलीको गठबन्धन सरकार भारतसँग भेट गरेर नेपालका क्षेत्रहरू फिर्ता गर्न अडान लिन आवश्यक छ । अहिले यिनीहरूलाई एउटा मसाला मिलेको छ -चीनलाई पनि गाली गर्न सक्दैन । मौका चीनको समन्वयवादी नीतिले यस्तो परिणाम आएको हो ।

माओ-त्सेतुङ जीवित रहँदासम्म चीनले अरु देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैनथ्यो । उपनिवेशवाद साम्राज्यवाद विरोधी युद्ध गरेर नै उसले आफ्नो देशमुक्त गरेको हो । सर्वहारावर्गको क्रान्तिको जग बसालेको हो । नयाँ जनवाद जन गणतन्त्र हूँदै समाजवादमा पुगेको हो । तर त्यही चीन सुस्त सुस्त पुँजीवादी बाटो तिर लाग्यो । नेपाल लगायत विश्वका सर्वहारावादी कम्युनिस्टहरूलाई थाहा छँदैछ । अहिले आएर चीनबाट त्यस्तो होला भन्ने नेपालले सोचेको थिएन । भारतको वर्तमान सत्ताको नीति विस्तारवादी छ, बेलायती औपनिवेशिक नीति, उसले आफ्नो क्षेत्रका देशहरूमा प्रयोग गरिरहेको छ । यो आजको भारतलाई प्रयोग गरेर अमेरिकी क्याम्पबाट अलग पार्न खोज्नु दिवा स्वप्न मात्र हुन्छ । यसै सिलसिलामा नेपालको भूमि लिपुलेक हुँदै व्यापार सन्धि गर्नु विस्तारवादी नीतिको दिशातिर चीन जान खोजेको त होइन जस्तो आभास भएको छ । नेपाल जस्तो सानो देशको सार्वभौमिकतामाथि दुवै देश मिलेर हस्तक्षेप गर्न खोजेको भान भएको छ । प्रत्येक नेपालीको भनाई चीनले भारतसँग व्यापार गर्न हुँदैन भनेर होइन । तर उसले सानो देशको पीडालाई पनि बुझ्नुपर्थ्यो, भारतले नेपालको भूमि हडपेको व्यथालाई उपेक्षा गर्नु हुँदैनथ्यो । नेपाल सरकार र नेपाली जनतालाई जानकारी गराउनु पर्थ्यो । क्रान्तिकारी कम्युनिस्टहरू र हेपाहा प्रवृत्ति विरोधी जनताले चीनलाई चेतावनी दिन्छन् कि उसले यो सम्झौता खारेज गर्नुपर्दछ । अन्यथा नेपाली जनताले उसलाई पनि विस्तारवादी साम्राज्यवाद दिशातिर जान लागेको भन्नुपर्नेछ । आन्दोलनमा उत्रिनु पर्नेछ । के यो अवस्था पैदा हुनु चीनलाई सुहाउने कुरा होला ?

अर्को कुरा, मालेमा विरोधी नामधारी कम्युनिस्टहरू वर्ष दिनमा पटकपटक चीनमा आउने जाने गर्छन् । तिनीहरूमाथि भर परेर नेपालको सम्बन्धमा नीति निर्धारण गर्न थाल्यो भने उसले निराशा मात्र भोग्नु पर्नेछ । विस्तारवादी, साम्राज्यवादी यहाँ शक्तिशाली हुनेछन् । उसले बहुसंख्यक क्रान्तिकारीहरू माथि विश्वास गर्नुपर्दछ । नेपालको भूमिमाथि भारतीय कब्जा पहिले देखिनै छ । चीन पनि यसैमा सहभागी हुन जाँदा बहुत दुःखदायी घटना भएको हो । सामन्ती राजसंस्था कालमा सार्वभौमिकता स्वाधीनको प्रश्न कहिले प्रधान रहेन । २००७ देखि नेपाली पुँजीवादी प्रजातन्त्रको स्थापना भएको हो, त्यसले पनि विशेष ध्यान पटक दिन सकेन । ००६ सालमा जन्मेको कम्युनिस्ट पार्टीले राष्ट्रियता जनतन्त्र, जनजीविकाको सवाल उच्च स्वरले उठायो । तर त्यो कम्युनिस्ट पार्टी धेरै भागमा विभाजत हुँदा जाँदा धेरै ठूलो भागले महत्वपूर्ण विषय छोडेर पुँजीवादी बाटो समात्यो-विस्तारवाद, साम्राज्यवाद र घरेलु प्रतिक्रियावाद अगाडि आत्मसमर्पण गर्‍यो । लिपुलेकको विवाद जन्मेको कारण यही हो । नेपालका देशभक्त जनताहरूले भारत र चीनको व्यापारिक मार्गबनाउने नीतिको विरोध गरेका छन् । दुई जिब्रे नीति त्यागेर नेपालको सार्वभौमिकता र स्वाधीनताको रक्षा गर्न अगाडि बढ ।

# गाँखु हत्या र वासु–वैरागी सन्दर्भ



● मोदनाथ मरहट्टा ●

नेपाली जनयुद्धसित जोडिएको गोरखाको गाँखु हत्याकाण्डले प्रत्येक बर्सको भाद्र २३ गते नेपाली क्रान्तिकारीहरूलाई झस्काउने गर्दछ । त्यसदिन तात्कालिक शासकको नाङ्गो र गैह्र न्यायिक हत्याको जति भर्त्सना गरे पनि अपुग हुन्छ । नेपाली क्रान्तिकारीहरूले राज्यको बेथिती र ज्यादतीका बिरूद्ध सञ्चालन हुँदै आएको माओवादी आन्दोलनले एउटा उँचाइ लिँदै थियो । माओवादीले आफुसँग भएको सैन्य शक्तिलाई बिस्तार गरेर बिकास गर्दै गएको थियो र भाद्र २३ गते सो प्लाटुनलाई पुर्ण सैन्य फर्मेशनमा घोषणाको तयारिमा थियो । सो घोषणा सभालाई सम्बोधन गर्ने र सहिद परिवारहरूसित भेटघाट गर्ने उद्देश्य लिएर तात्कालिक पार्टी केन्द्रीय वैकल्पिक पोलिटब्युरो सदस्य क सुरेश वाग्ले (बासु), प्लाटुन कमाण्डर भिमसेन पोखरेल (वैरागी) र भर्खर भर्ना भएकी छापामार सदस्य चिजा गर्तौला सहितको टोली गोरखाको भुड्लिचोकबाट गाँखुतर्फ जाँदै थियो । भदौको याम भएको र भर्खर घाम लागेको समयमा जङ्गलको बाटो हिँड्दै गर्दा एकछिन सुस्ताउने अभिप्रायले चौतारोमा सुस्ताउँदै गर्दा छोप्राकतिरबाट आएको प्रहरी टोली नजिकै आइपुगेको उहाँहरूले सुइँको पाउनु भयो । त्यतिबेला कमरेड वासु अस्वस्थ हुनुहुन्थ्यो । चौतारोबाट केही माथि उक्लँदै गर्दा प्रहरीले घेरा हाल्यो । प्रहरीको घेरामा परिसकेपछि उहाँले आफ्नो सुरक्षा प्रमुख वैरागीलाई घेरा तोड्ने निर्देशन दिनुभयो तर वैरागीले स्वीकार गर्न मान्नु भएन । चिजा भने प्रहरीको आँखा छलेर भाग्न सफल हुनुभयो । प्रहरीले वासु र वैरागी दुबैलाई घिसारेर एउटा किसानको घर नजिक पुर्याएर आत्मसमर्पणको आदेश दियो । तर घेरामा परेका कामरेडहरूबाट त्यो सम्भव नभएपछि प्रहरीले गोली हानी अर्धमृत बनाएर जिउँदै आगो लगाएर पासविक हत्या गर्यो । त्यो बर्बर हत्याको जति निन्दा गरे पनि पुग्दैन । कमरेड वासुको हत्याले तत्कालिक माओवादी अभियानमा एउटा तरङ्ग उत्पन्न भयो । आफ्ना प्यारा नेताको हत्याले थुप्रै युवा बिद्यार्थीहरू पार्टीको अभियानमा लामबद्ध भए ।

अब संक्षिप्तमा सुरेश वाग्ले (बासु) र भीमसेन पोखरेल (बैरागी)को परिचय हेरौँ ।

***वासुको संक्षिप्त जीवनी :***

गोरखा जिल्लाको तात्कालिक आँपपिपल गाबिस-५ (हाल पालुङ्टार न.पा.-२) मा पिता भोजराज वाग्ले र आमा दुर्गादेवी वाग्लेको दोस्रो सन्तानको रूपमा २०१० साल असौज २८ गते सुरेश वाग्लेको जन्म भएको हो । खिरिलो र दुब्लो पातलो ज्यानका वाग्ले बिछट्ट प्रतिभावान हुनुहुन्थ्यो । उहाँको प्रारम्भिक शिक्षा आफ्नै मामाघरको हजुरबा गायत्री गणेश अर्यालबाट भएको थियो । प्रारम्भिक शिक्षापछि काठमाडौं स्थित रानीपोखरीको भाषा पठशालबाट प्रथम परीक्षा उत्तीर्ण गरी संस्कृत छात्रावासमा रहि शास्त्रीसम्मको पढाई उत्तीर्ण गर्नु भएको थियो । उहाँ २०३२ बाट शिक्षण सेवामा प्रवेश गरी विद्यालयमा औपचारिक र जनसमुहमा अनौपचारिक शिक्षा दिन थाल्नु भएको हो । शिक्षण कलामा उहाँको बेजोडको प्रतिभाका कारण विद्यार्थीहरू माझ निकै लोकप्रिय बन्नु भयो । उहाँ विद्यार्थीकाल देखि नै अध्ययनशील र बहुमुखी प्रतिभाका कारण मार्क्सवाद, लेनिनवाद र माओकालिन समाजको राम्रो ज्ञान हासिल गर्नु भएकोले आम किसानहरू माझ पनि प्रिय बन्न सफल हुनु भयो ।

मुलुकभर पञ्चहरूको राँइदाँइ थियो । आम जनता पञ्चायती निरङ्कुशताले पेलिएका थिए । मुलुकभित्र पञ्चायतको विकल्पको खोजी भैरहेको अवस्थामा उहाँ तात्कालिन नेकपा (चौथो महाधिवेशन) निकट पुग्नु भयो र २०३५ सालमा पार्टी सदस्यता लिनु भयो । पञ्चायती ज्यादतिका विरूद्ध मुलुकभर आन्दोलनका ज्वारभाटा उठ्न थालिसकेका थिए । यसैबीच सुरेश वाग्ले गोर्खाली शिक्षकहरूलाई सङ्गठित गर्दै आन्दोलन उठाउन अग्रसर हुनु भयो । उहाँको क्षमताको अहारिस गरेर पञ्चहरूले पटक पटक गिरफ्तार पनि गरे तर उहाँ विचलित हुनु भएन । उहाँ लामो समय शिक्षण पेशामा स्थायी करार रहनु भयो र जब २०४६ मा उहाँ स्थायी नियुक्त हुनु भयो दुई बर्स नपुग्दै राजिनामा दिएर संयुक्त जनमोर्चा नेपालको तर्फबाट गोरखा क्षेत्र नम्बर दुईको साँसद उमेद्वार हुनु भयो र ने.का.को गुण्डागर्दीको कारण झिनो मतले पराजित हुनु भयो । त्यसै समयदेखि उहाँ पार्टीको पुर्णकालिक कार्यकर्तामा सक्रिय हुनु भयो ।

२०५२ मा पार्टीले जनयुद्ध सुरु गर्‍यो । पार्टीको उक्त दीर्घकालिन अभियानमा वाशु गण्डक क्षेत्रको नेतृत्वमा रहनु भयो । पार्टीको बैठकमा हुने बैचारिक र सैन्य कार्यक्रमका बारेमा बहस छलफलमा उहाँ तार्किक ढङ्गले प्रस्तुत हुनुहुन्थ्यो । उहाँ एउटा कुशल विचारक पनि हुनुहुन्थ्यो । उहाँका कयौँ वैचारिक सिर्जनाहरू प्रकाशन भएका पनि छन् । कमरेड बासुको व्यक्तित्वका विविध पाटाहरू थिए । वासुको व्यक्तित्वका बारेमा कमरेड किरणको बुझाई छ - ‘क. वासुका व्यक्तित्वका बिबिध आयाम रहेका छन् । सर्वप्रथम त उहाँमा सरलता, विनम्रता, मृदुभाषिता, स्पष्टवादिता र क्रान्तिकारिता जस्ता असल कम्युनिष्टमा हुनुपर्ने गुणहरू थिए र यिनै गुणले उहाँको व्यक्तित्व निर्माणमा राम्रो आधार तयार पारेका थिए ।’ (सम्झना र स्मृतिमा सुरेश वाग्ले) । एक पटक एउटा सभामा प्रचण्डले भनेका थिए ‘कमरेड बासुको तार्किक क्षमताले हामी नतमस्तक हुन्थ्यौं ।’

कमरेड वासु विद्यार्थीकालदेखि वैचारिक र सिर्जनशील हुनुहुन्थ्यो । उहाँले गण्डकी विद्यार्थी परिषद्को मुखपत्र ‘लालुपाते’को सम्पादन प्रकाशनका साथै कयौं महत्वपूर्ण वैचारिक र साहित्यिक सिर्जना लेख्नु भएको छ । उहाँले आफ्नो निजी स्वार्थका लागि कहिल्यै सोच्नु भएन । दीर्घरोगी आफ्नी जीवनसङ्गिनी भर्खर हुर्कंदै गरेका छोरा-छोरीको भविष्यबारे पनि उहाँले निजी मामिला सम्झेर देश र जनताको लागि तयार रहनु चानचुने अवस्था होइन । एकातिर आफू श्रममा खटिनु र श्रमजीवीहरूको मुक्तिको लागि मन वचन र कर्मले लागिपर्नु उहाँको विशेषता थियो । सादा जीवन, उच्च विचार तथा त्याग र समर्पणको उच्च भावना भएका एक आदर्श पात्रको सहादतले माओवादी आन्दोलनको एउटा तप्कामा विसर्जनको स्थिति पैदा गर्यो भने टुटफुटको शृङ्खला पनि बढेर गयो । यो स्थिति आउन नदिन बाँकी बचेका क्रन्तिकारीहरूले वासुको आदर्शलाई पच्छ्याउँदै क्रन्तिको झण्डा उठाउन ढिला गर्नु हुँदैन ।


कमरेड वासुको सहादतसँगै जोडिएर आउने अर्का पात्र हुनुहुन्छ कमरेड भिमसेन पोखरेल (वैरागी) । उहाँको बारेमा पनि छोटो चर्चा गरौँ ।

***वैरागीको संक्षिप्त जीवनी :***


पिता देविप्रसाद पोखरेल र आमा लीलादेवी पोखरेलको छैटौँ सन्तानका रूपमा गोरखा जिल्लाको तात्कालिन छोप्राक गाबिसमा २०३१ साल चैत्र ५ गते भीमसेन पोखरेलको जन्म भएको हो । सानै उमेरदेखि श्रमशील जिन्दगीमा हुर्किएका उहाँ विद्यार्थी जीवनमा जिज्ञासु र अध्यनशील हुनुहुन्थ्यो । उहाँको परिवार कृषिमा निर्भर रहेको र उहाँले परिवारका लागि समेत कडा श्रम गर्नु परेको थियो । आफू बाँचेको समाजमा हुने होची अर्घेली र बिभेदबारे गहिरो अध्ययन गरेका उहाँमा सानै उमेरदेखि बिद्रोहको भाव विकास भएको थियो । उहाँले कक्षा दशसम्मको अध्ययन गाउँकै महेन्द्र लिला मा.वि. हर्मीबाट उत्तीर्ण गर्नु भएको हो । उहाँ उच्च शिक्षाका लागि गोरखा क्याम्पसमा प्रवेश गरेसँगै विद्यार्थी आन्दोलनको नेतृत्वमा सङ्गलग्न हुनुभएको थियो ।

गोर्खाली समाजमा वर्गसङ्घर्षको ज्वारभाटा शुरु भएको स्थितिमा सङ्घर्षको अघिल्लो मोर्चामा रहेर उहाँले नेतृत्व सम्हाल्नु भएको थियो । पार्टी कामकै सिलसिलामा उहाँको कमरेड शिलु (उमा भुजेल) सँग विवाह भएको थियो । आफ्नो पढाइ, घर परिवार भन्दा माथि उठेर पार्टी र क्रान्तिको लागि अग्रमोर्चामा रहेका उहाँ त्यसैदिन सैन्य मोर्चाको कमाण्डरमा नियुक्त हुनेवाला हुनुहुन्थ्यो । उहाँ प्रहरीको घेरा तोडेर भाग्न सक्ने अवस्था रहँदारहँदै पनि नेतृत्वको सुरक्षाका लागि इमान्दार रहेर सहादत लिन तयार हुनु भयो । यो उहाँको त्यागबाट सिक्नु पर्ने महत्वपूर्ण पाठ हो ।

अतः आन्दोलनमा सहादत हुनेहरूको मूल्याङ्कनमा थपघट वा तलमाथि गरिनु हुन्न । सबै सहादतको मूल्य बराबर हुन्छ । तर कतै कुनै स्थितिमा परिवारको पहुँच हेरेर सहिदहरूको मूल्याङ्कन गरिएको पनि छ । यसो गरिनु सहादतको अवमूल्यन हो । गाँखुमा घटेको घटनापछि उर्लिएको आन्दोलनको उँचाइले प्राप्त गरेको परिणामले अहिले माओवादी केन्द्र सत्तासिन छ तर उसले सहिदहरूको आदर्शलाई लत्याएर दक्षिणपन्थी बाटो अपनाएको वर्तमान स्थितिमा क्रान्तिकारी शक्तिहरूले जनयुद्धको बाँकी कार्यभार पूरा गर्ने अठोट लिनु आजको टडकारो आवश्यकता हो ।



# मार्क्सवादी अर्थशास्त्र



● भक्तबहादुर श्रेष्ठ ●

*पुँजीको सामान्य सुत्रको विरोध*

मुद्रा पुँजी बनेपछि परिचलनको रूप धारणा गर्दछ, त्यसले मालहरू, मूल्य र मुद्रा यहाँसम्म कि स्वयम् परिचलनको स्वभावसँग सम्बन्ध राख्ने ती तमाम नियमहरूको विरोध गर्दछ, जसलाई हामीले अहिले अध्ययन गर्‍यौं । यस रूप र मालहरूको साधारण परिचलनको रूपमा खास अन्तर के हो भने दुवैमा ती दुवै परस्पर विरोधी क्रियाहरू बिक्री गर्ने र खरिद गर्ने एक अर्काको उल्टो क्रममा सम्पन्न हुन्छ । यो विशुद्ध विपरीत अन्तरले यी प्रक्रियाहरूको स्वभावलाई जादुको जस्तो गरेर कसरी बदलिन्छ त ?

हामी परिचलनको त्यस रूपलाई लिउँ, जसमा त्यो मालहरूको सोझो ढङ्गले विनिमयको रूपमा अगाडि आउँछ । यो जहिले पनि त्यसबेला देखापर्दछ, जब मालहरूको दुईमालिकले एक अर्कोबाट खरिद गर्छन् र जब हिसाब फर्स्याउने दिन दुवैलाई बराबरको रकम एकले अर्कोलाई दिनु पर्दछ, र यसरी हिसाब चुक्ता गर्दछन् यस अवस्थामाा मुद्रा लेखा मुद्रा हुन्छ र मालहरूको मूल्य त्यसको दामहरूद्वारा व्यक्त गरिन्छ, तर त्यो खुद नगदीको रूपमा उनीहरूका अगाडि आउँदैन । जहाँसम्म उपभोग मूल्यको सम्बन्ध छ, प्रष्ट छ, यसरी दुवैपक्षलाई फाईदा हुन सक्छ । दुवैले आफूलाई उपयोग मूल्य नभएको वस्तु आफुबाट अलग गरिदिन्छन र आफ्ना लागि उपयोग भएको वस्तु पाउँदछन् । त्यसकारण जहाँसम्म उपयोग मूल्यको सम्बन्ध छ, विनिमय एउटा यस्तो सौदा हो जसबाट दुवै पक्षलाई लाभ हुन्छ । विनिमय मूल्यको कुरा अर्कै हो ।

एउटा मानिससँग धेरै चीज छ, तर उसँग अन्न विल्कुल छैन । अर्कोसँग अन्न प्रशस्त छ तर त्यो चीज छैन, उनीहरूका बीचमा ५० मूल्यको अन्न त्यति नै मूल्यको चीजसँग विनिमय हुन्छ । यस कामबाट दुवैलाई कुनै मूल्य वृद्धि हुँदैन, किनभने त्यसमध्ये दुवैले यस विनिमयद्वारा जति मूल्य पाउँदछन्, त्यसको बराबर मूल्य विनिमय हुनु भन्दा पहिले नै उनीहरूसँग थियो । परिचलनको माध्यमको रूपमा मुद्रालाई मालहरूको बीचमा राखेपछि र बिक्री गर्ने र खरिद गर्ने दुई अलग अलग काम भयो भने पनि नतिजामा कुनै फरक आउँदैन । यसरी अलिकति पनि महत्त्व हुँदैन, यी दुई मूल्यहरूमा एउटा मुद्रा हो, अथवा दुवै वाणिज्य वस्तुहरू हुन् । कुनै पनि मालको मूल्य त्यसको परिचलनमा जानुभन्दा पहिले दामको रूपमा व्यक्त गरिन्छ र त्यसको मूल्य दामको रूपमा व्यक्त हुन परिचलनको परिणाम होइन, बरु त्यसको पूर्व शर्त हुन्छ । सौदा गर्ने पक्षले मूल्य निर्धारित गर्दैन, त्यो त सौदा हुनुभन्दा पहिले नै निर्धारित हुन्छ ।

घटिया किसिमको अर्थशास्त्रले मूल्यको स्वभावको बारेमा हमेशा के मान्दछ भने, "पूर्ति र माग बराबर छ । , जसको मतलव हुन्छ, पूर्ति र मागको असर केही होइन । त्यसकारण जहाँसम्म उपयोग मूल्यको विनिमय हुन्छ । त्यहाँसम्म यदि ग्राहक र बिक्रेता दुवैलाई केही लाभ सम्भव भयो भने विनिमय मूल्यहरूको लागि यो सत्य हुँदैन यहाँ भन्नुपर्छ, जहाँ समानता हुन्छ, त्यहाँ लाभ हुन सक्तैन ।"


कुनै पनि चीजको मूल्य केवल हाम्रो आवश्यकताहरूसङ्ग सम्बन्धित हुन्छ । जुन चीज कुनै एउटाको लागि बढी, त्यो अर्काको लागि कम हुन्छ, यसको विपरीत कुरा पनि सत्य हुन्छ, हामी बिक्रीका लागि ती चीजहरूलाई पेस गर्दछौं । जुन हामीलाई आफ्नो उपयोगका लागि आवश्यक हुन्छ । हामीले त एउटा उपयोगहीन वस्तु दिएर, जुन उपयोगको आवश्यकता हुन्छ, त्यो वस्तु पाउन चाहन्छौं । हामी धेरै लिएर थोरै दिन चाहान्छौं, जब कहिले विनिमय गरिने प्रत्येक वस्तु मूल्यमा सुनको एउटा समान बराबर हुन्छ, तर स्वाभाविक रूपबाट विनिमय मूल्यको बदलामा मूल्य दिईन्छ भनेर सम्झिइएको हुन्छ, तर आफ्नो हिसाब गर्ने बेलामा अरु कुरामा पनि ध्यान दिनु पर्छ के हामी दुवैले कुनै अनावश्यक वस्तु अर्को कुनै आवश्यक वस्तुसँग विनिमय गरिरहेका त छैनौं ?

हरेक अवस्थामा मालहरूको बजारमा केवल मालहरूको मालिक नै जाने आउने गर्दछन् । यिनीहरू आपसमा एकले अर्कोलाई प्रभावमा ल्याउँदछन्, यो भनेको मालहरूको प्रभाव बाहेक अरु केही होईन । यी मालहरूको भौतिक विभिन्नताले विनिमय कार्यको भौतिक प्रेरणाको काम गर्दछन् र ग्राहक तथा बिक्रेताहरूलाई पारस्परिक ढङ्गबाट एक अर्कामाथि निर्भर बनाउँछन्, किनभने ती मध्ये जो सङ्ग त्यो वस्तु हुँदैन, जुन उसलाई आवश्यकता परेको हुन्छ, र त्यो वस्तु अर्कोसँग हुन्छ । त्यसकारण मालहरूको मालिकहरूमा आपसमा केवल एउटै भेद हुन्छ, त्यसमा कोही बिक्री गर्ने मालहरूको मालिक । केही ग्राहक मद्राको मालिक हुन्छ ।

अब मानिँ लिउँ, कसैले जसको किमत १०० छ ११० मा बिक्री गर्न सफल हुन्छ यस अवस्थामा १० प्रतिशत वृद्धि भयो । बिक्रेताले त्यो १० प्रतिशत आफ्नो आफ्नो खल्ती राख्यो तर बिक्री गरेपछि त्यो ग्राहक बन्छ । अब मालको तेस्रो मालिक बिक्री गर्ने रूपमा उसँग आउँछ र उसलाई पनि आफ्नो माल १० प्रतिशत महङ्गो दाममा बिक्री गर्ने सुविधा प्राप्त हुन्छ । त्यो पहिलेको बिक्रेताले जुन १० प्रतिशत कमाएको थियो, त्यसलाई उ आफु ग्राहक बनेर त्यो १० प्रतिशत गुमायो । नतिजा के निस्क्यो भने मालहरूका दुवै मालिकले एकले अर्कालाई आफ्नो माल उसको मूल्य भन्दा बढी बिक्री गरिदिन्छन् । कुरा जहाँको त्यही आउँछ, मानौं ती सबैले आफ्ना आफ्ना माल ठीक मूल्यमा बिक्री गरेका छन् । दामहरूमा यस्तो सामान्य नाम मात्रको वृद्धि हुँदै जानुको परिणाम हुन्छ, जसरी मूल्यहरूको साटो सुनको वजनको चाँदीको वजनमा अभिव्यक्त गरिन लाग्छ, त्यसरी नै मालहरूको साटो दाम बढ्न जान्छ । तर त्यसको मूल्यहरूमा बीच जुन वास्तविक सम्बन्ध छ । त्यो जस्ताको त्यस्तै रहन्छ ।

हामी विनिमयको सीमाभित्र रहनु पर्दछ, बिक्रेता ग्राहक पनि हुन्छन् र ग्राहक विक्रेता पनि । सम्भव छ हाम्रो कठिनाई यस कुराबाट उत्पन्न भएको हो, हामी आफ्नो नाटकका पात्रहरूका साथ व्यक्तिहरू मूर्तिमान आर्थिक कल्पनाहरू जस्तो व्यवहार गरिहेका छौं ।

यस्तो हुन सक्छ, केदार पनि होसियार छ । उसले बद्री वा रामसँग बढी दाम असुल गर्‍यो र बद्री वा केदारले बदला लिन पाएन । मानिलिँउ, केदारले बद्री लाई ५०० रुपियाँ दिलाई ६०० रुपियाँ बनाउँछ । कम मुद्राबाट बढी मुद्रा कमाउँछ र यसरी आफ्ना मालहरूलाई पूँजीमा बदल्छ । यस घट्नाको केही अरु गहिराईमा गएर विचार गरौं, विनिमय भन्दा पहिले केदारसँग ५०० रुपियाँ बराबरको वस्तु थियो र बद्रीसँग ६०० रुपियाँको अन्न थियो, दुवै सँग कुल मूल्य त्यही ११०० रुपियाँ बराबर रहन्छ । परिचलनमा भाग लिने मूल्यमा अलिकति पनि वृद्धि हुँदैन, केदार र बद्रीका बीच केवल त्यसको पहिलेभन्दा केही भिन्न हुन जान्छ । जुन बद्रीको लागि मूल्य हानी हो, त्यो केदारको लागि अतिरिक्त मूल्य हो, जुन एउटाको लागि ऋण हो भने अर्काको लागि धन हो ।



हामी जतिपनि तोडमोड गरौं । यो सत्य बदलिंदैन । यदि सममूल्यको विनिमय हुन्छ भने अतिरिक्त मूल्य पैदा हुँदैन र यदि गैर सममूल्यको विनिमय हुन्छ भने त्यसबाट अतिरिक्त मूल्य पैदा हुँदैन परिचालनबाट अथवा मालहरूको विनिमयबाट मूल्य पैदा हुँदैन । अतिरिक्त मूल्यको उत्पति केवल यसकारणले हुनसक्दछ कि व्यापारी बिक्रेता, उत्पादकहरू र ग्राहक उत्पादकहरूका बीचमा मूल्यखोरहरूको जस्तै टाङ्ग अड्याएर दुवैको काम काटिदिन्छ र्फ्याङ्कलिनले यसै अर्थमा भनेका छन् "युद्ध डकैती हो र व्यापार आमरूपमा धोकेवाजी हो ।"

व्यापारीहरूको पूँजीको बारेमा हामीले जे जस्तो भनेका छौं, त्यो साहुकारको पुँजीमाथि अझ बढी लागू हुन्छ । त्यो मुद्रा जुन बजारमा जान्छ, त्यसबाट वृद्धि भएको मुद्रा जसलाई बजारबाट ल्याइन्छ कम भन्दा कम एउटा खरिद र अर्को बिक्रीद्वारा, परिचलनको गतिद्वारा परिचालित हुन्छ । तर साहुहरूको पुँजीको रूपमा मुमामु बिना कुनै विन्दुका दुई बाटाहरूमा अर्थात मुमुमामा परिणत हुन्छ यसको अर्थ मुद्राको त्यसभन्दा बढी मुद्रासँग विनिमय हुन्छ ।

मालका मालिकले श्रम गरेर मूल्य पैदा गर्न सक्छ, तर उसले स्वतः बढ्ने खालकाको मूल्य पैदा गर्न सक्दैन । उसले नयाँ श्रम गरेर र यसप्रकार उसको हातमा पहिलेदेखि जुन मूल्य छ, त्यसमा नयाँ मूल्य जोडेर जस्तो छालालाई जुत्तामा बदलेर, आफ्नो मालको मूल्य बढाउन सक्छ । त्यसै सामग्रीको अब पहिले भन्दा बढी मूल्य हुन्छ किनभने अब त्यसमा पहिले भन्दा बढी श्रम उसले खर्चे गरेको हुन्छ । त्यसकारण जुत्ताहरूको मूल्य छाला भन्दा बढी हुन्छ, तर छालाको मूल्य त्यही रहन्छ, जुन पहिले थियो । उसले आफै मूल्य विस्तार गर्न सक्दैन । जुत्ता बनाउने दौरानमा छालाले स्वयम् आफूमा कुनै अतिरिक्त मूल्य जोड्दैन । त्यसकारण मालहरूको कुनै उत्पादन अरु मालिकहरूको सम्पर्कमा नआईकन नै परिचलनको क्षेत्रको बाहिर मूल्य विस्तार गर्न र त्यसको फलस्वरूप मुद्रालाई मालहरूलाई पूँजीमा बदल्न सफलता पाउनु, यो असम्भव छ ।

श्रमशक्तिको खरिद बिक्री यसरी हुन्छ

श्रमशक्तिको अभिप्राय मानिसमा पाइने ती मानसिक तथा शारीरिक क्षमताहरूको समूहहरूसित जोडिएको छ, जसले कुनै पनि प्रकारको उपयोग मूल्य पैदा गर्ने बेलामा प्रयोग गरिदिन्छ ।

मुद्राको मालिकले मालको रूपमा बिक्रीको लागि तयार भएको श्रमशक्ति प्राप्त गर्नका लागि त्यसमा केही सर्त पूरा गर्नु आवश्यक हुन्छ । खुद मालहरूको विनिमयको स्वभावको फलस्वरूप जुन सम्बन्ध उत्पन्न हुन्छ, विनिमयका साथ त्यसको निर्भरता सिवाय अरु कुनै सम्बन्ध जोडिएको हुँदैन । यस अवधारणा अनुसार श्रमशक्ति केवल त्यसै बखत मालको रूपमा आउन सक्छ, जब र जहाँसम्म त्यो व्यक्ति, जोसँग श्रमशक्ति, त्यसलाई मालको रूपमा बेच्न तयार हुन्छ । उसलाई यस्तो गर्नका लागि त्यो श्रमशक्ति स्वयं उसको अधीन र श्रम गर्ने समार्थ्य भएको हुनुपर्छ अथवा आफ्नो शरीरको स्वयं मालिक हुनुपर्छ । त्यस्तो व्यक्ति र मुद्राको मालिकको बजारमा भेट हुन्छ र समानताको आधारमा एकले अर्कोसँग व्यवहार गर्दछन् । केवल ग्राहक र अर्को बिक्रेतामा अन्तर यही हुन्छ । त्यसकारण कानुनको दृष्टिमा दुवै बराबर हुन्छन् । श्रमशक्तिको मालिकले आफ्नो श्रमलाई एउटा निश्चित समयको लागि बिक्री गर्दछ किनभने यदि उसले त्यसलाई एक चोटी हमेसाको लागि बिक्री गर्‍यो भने उसले वास्तवमा आफूलाई बिक्री गरेको हुन्छ र स्वतन्त्र मानिसबाट दास बन्छ, मालको मालिक नभएर स्वयं माल बन्दछ ।

मुद्राको मालिकले बजारमा श्रमशक्तिलाई मालको रूपमा पाउनु छ भने उसको अर्को आवश्यक सर्त के हुन्छ भने मजदुरले आफ्नो श्रमबाट बनाएका मालहरू बिक्री गर्ने स्थिति हुनुहुँदैन । मुद्राको मालिकले आफ्नो मुद्रालाई पुँजीमा बदल्न बजारमा उसको स्वतन्त्र मजदुरसँग भेट हुन आवश्यक हुन्छ । त्यो मजदुर दुईवटा कुरामा स्वतन्त्र हुनुपर्छ -एउटा हो, स्वतन्त्र मानिसको रूपमा उसको आफ्नो श्रमशक्तिलाई आफ्नो मालको रूपमा बिक्री गर्न सक्छ र अर्को उसँग बिक्री गर्नको लागि अरु केही नहोस् अर्थात् आफ्नो श्रमशक्तिलाई मूर्त रूप दिन उसलाई जुन चीजको आवश्यकता हुन्छ, उसँग त्यसको पूर्ण अभाव होस् ।

पुँजी केवल त्यसैबेला जन्मिन सक्छ, जब उत्पादन र जीवन निर्वाहका साधनहरूको मालिकको आफ्नो श्रमशक्ति बिक्री गर्ने मजदुरसँग बजारमा भेट हुन्छ । पुँजीले आफ्नो प्रथम दर्शन दिनासाथ यो घोषणा गर्छ कि सामाजिक उत्पादनको प्रक्रियामा एउटा नयाँ युगको श्रीगेशण भएको छ ।

अरु प्रत्येक मालको जस्तै श्रमशक्तिको मूल्य पनि उसको उत्पादनको लागि, विशेष वस्तुको पुनरोत्पादनका लागि आवश्यक श्रमकालद्वारा निर्धारित हुन्छ । जहाँसम्म श्रमशक्तिको मूल्य हुन्छ, त्यहाँसम्म आफूमा निहित समाजको औसत श्रमको एउटा निश्चित मात्राभन्दा बढी कुनै चीजको प्रतिनिधित्व गर्दैन । केवल एउटा जीवित व्यक्तिको सामर्थ्य अथवा शक्तिको रूपमा नै श्रमशक्तिको अस्तित्त्व हुन्छ । आफ्नो जीवन निर्वाहका लागि उसलाई जीवन निर्वाहका साधनहरूको एउटा निश्चित मात्रा आवश्यक हुन्छ । त्यसकारण श्रमशक्तिको उत्पादनका लागि आवश्यक श्रमकालमा परिणत हुन्छ । अर्को शब्दमा भन्ने हो भने श्रमशक्तिको मूल्य मजदुरको जीवन निर्वाहको लागि आवश्यक जीवन निर्वाहको साधनहरूको मूल्य हुन्छ । त्यसकारण अरु मालहरूको विपरीत, श्रमशक्तिको मूल्य निर्धारणमा एउटा ऐतिहासिक तथा नैतिक तत्त्वले पनि काम गर्दछ । तैपनि कुनै खास देशमा कुनै निश्चित कालमा हामीलाई मजदुरको जीवन निर्वाहको साधनहरूको जसरी नै औसत मात्राको व्यवहारिक जानकारी हुन्छ ।

श्रमशक्तिको मूल्यको न्यूनतम सीमा ती मालहरूको मूल्यबाट निर्धारित हुन्छ, जसको दैनिक पूर्तिको अभावमा मजदुरले आफ्नो शरीरमा काम गर्ने शक्ति फेरि पैदा गर्न सक्दैन । श्रमशक्तिको मूल्यको न्यूनतम सीमा जीवन निर्वाहका ती साधनहरूको मूल्यबाट निर्धारित हुन्छ, जुन शारीरिक दृष्टिबाट मजदुरको लागि अनिवार्य हुन्छ । यदि श्रमशक्तिको दाम यस न्यूनतम सीमामा पुग्दछ भने त्यो उसको मूल्य भन्दा कम हुन्छ किनभने यस्तो अवस्थामा श्रमशक्तिलाई केवल पङ्गु अवस्थामा नै काममा राख्ने तथा विकसित गर्न सक्छ । तर, प्रत्येक मालको मूल्य भने सामान्य श्रेणीको माल तयार पार्नमा खर्च हुने आवश्यक श्रमकालद्वारा निर्धारित हुन्छ ।

अब हामीलाई यस विचित्र मालको -श्रमशक्तिको मालिकलाई त्यसका ग्राहकले जुन मूल्य दिन्छ, त्यो कसरी निर्धारित हुन्छ, थाहा भैसकेको छ । ग्राहकले बदलामा जुन उपयोगमूल्य पाउँछ, त्यो केवल उसको श्रमशक्तिको उपभोगमा नै प्रष्ट हुन्छ । यस उद्देश्यका लागि जति चीजहरू आवश्यक हुन्छन्, जस्तो कच्चा माल, मुद्राको मालिकले ती सबै बजारमा खरिद गर्छ र त्यसको पूरै मूल्य बराबरको दाम दिन्छ । श्रमशक्तिको उपभोग मालहरूका उत्पादनका साथसाथ अतिरिक्त मूल्यको उत्पादन पनि हुन्छ । अरु हरेक मालको जस्तै श्रमशक्तिको उपभोग पनि बजारका सीमाहरू अथवा परिचलनको क्षेत्रभन्दा बाहिर हुन्छ ।

मुद्रा पुँजीमा रूपान्तरण हुने प्रक्रिया

पुँजीपतिहरूको पुँजीमा वृद्धि हुँदै जाने प्रक्रिया उसले पाउने मुनाफाका कारण हो, जुन मुनाफा मजदुरहरूद्वारा पैदा गरेको अतिरिक्त मूल्य हो । पुँजीपतिले मजदुरको श्रम खरिद गर्छ र त्यसबाट काम लिन्छ । यो कामको फलस्वरूप जुन वस्तुहरू तयार हुन्छन्, तिनको मूल्यको एक भाग मजदुरले पाउँछ, जसलाई मजदुरी भनिन्छ । अर्को भाग पुँजीपतिको खल्तीमा जान्छ, त्यसलाई मुनाफा भनिन्छ । जसले मजदुरले दिनभरि काम गर्छ त्यो दिनभरिको कामलाई दुई भागमा बाँडिन्छ । एक भाग हो, जुन उसले पाएको मजदुरीको रूपमा काम गर्नुपर्छ र अर्को भाग जसबाट अतिरिक्तमूल्यको उत्पादन हुन्छ र त्यो पुँजीपतिहरूका लागि फोकटमा गरिदिनुपर्छ ।

उदाहरणका रूपमा मदजुरले १२ घण्टा काम गर्‍यो, ६ घण्टाको कामलाई आवश्यक श्रम भनिन्छ किनभने मजदुरलाई जीविकाका लागि यो श्रम आवश्यक हुन्छ । बाँकी ६ घण्टा अतिरिक्त श्रम हुन्छ, जुन श्रम पुँजीपति वर्गले मजदुरलाई सित्तैमा दलाएर त्यसबाट उत्पादित वस्तुको मुनाफा आफ्नो खल्तीमा हाल्छ ।

भनौं, एउटा मजदुरले १२ घण्टा काम गरेर १२ मिटर कपडा बुन्छ । त्यो १२ मिटर कपडा बजारमा बिक्री गर्दा १५० रूपैयाँ पाउँछ । मजदुरले दिनको ५० रूपैयाँ पाउँछ । कपडा तयार पार्न कच्चा माल, जस्तो कपडा र विभिन्न विषयमा ५० रूपैयाँ खर्च गरी बाँकी ५० रूपैयाँ मदजुरको अतिरिक्त श्रमकालबाट मुनाफाको रूपमा आउँछ । त्यसकारण जुनसुकै मुद्रालाई पुँजी भनिँदैन र अतिरिक्त श्रमकाल शोषण गरेर मुद्रा वृद्धि गर्न लगाइएको मुद्रालाई मात्र पुँजी भनिन्छ । त्यसैले कसैको साथमा जतिसुकै मुद्रा किन नहोस्, जब मुद्राको र उत्पादनका साधनहरूको प्रयोगद्वारा मजदुरहरूको शोषण गर्न, अतिरिक्त मूल्य पैदा गर्न प्रयोग गर्दैन भने त्यसले पुँजीको रूप ग्रहण गर्दैन, तर उत्पादनको साधनमा मजदुर लगाएर अतिरिक्त श्रमद्वारा अतिरिक्त मूल्य पैदा गर्दछ भने त्यो मुद्राले पुँजीको रूप लिन्छ । पुँजीवादी समाजमा मजदुर वर्ग र पुँजीपति वर्ग यी दुई वर्गहरूको हित परस्पर विरोधी हुन्छ । पुँजीपतिको उन्नति जति सक्यो अतिरिक्त श्रम शोषण गरेर अतिरिक्त मूल्य जम्मा गरी असङ्ख्य धन जम्मा गर्नु र मजदुर वर्गको हित जति सक्यो आफ्नो श्रमको बढी मूल्य पाउनुमा हुनेछ ।

## सरकार...

हजार रूपैयाँसम्म पर्छ ।

एक मुठो सागलाई ५० रूपैयाँ तिर्नुपर्छ । अध्याँरो, दिँउसै बत्ती बाल्नुपर्ने, एउटा खाट नअट्ने कोठालाई पाँच हजारदेखि १५ हजारसम्म तिर्नुपर्छ । एक जार पानीको ६० रूपैयाँदेखि ८० रूपैयाँ तिर्नुपर्छ । एक किलो कुखुराको मासुलाई तीनदेखि चार सय रूपैयाँ पर्छ । खसीको मासु त १३ देखि १४ सय रूपैयाँ छ ।

दहीदूध पनि छोइनसक्नुछ । एक लिटर दहीको डेढदेखि दुई सय रूपैयाँ छ । गरिबहरूले अस्पताल जान्छु भनेर नसोच्दा पनि हुन्छ । टिकट काट्न छुट्टै, उपचार शुल्क छुट्टै, औषधी छुट्टै । पैसा पनि सिद्धियो, ज्यान पनि । लुगा त अब फेर्नै नसक्ने भएको छ । पुरानै लुगा टालटुल पारेर लगाउनुपर्ने अवस्था छ ।

एक सयको सामानलाई दुई हजारमा भिडाइहाल्छ । मुलुकमा जोपनि ठग भए । जुनसुकै पसल होस्, उनीहरूको सिद्धान्त नै ठग्ने र लुट्ने हो । मिठो बोल्ने अनि सर्वसाधारणको गोजी रित्याउने । महिना नमर्दै घरधनी भाडा माग्न आउँछन् । पसलमा पैसा तिरिकन सामान दिँदैनन् ।

बिल नतिरीकन डाक्टरले बिरामी छुँदैनन् । यहाँ पनि पैसाकै कुरा आउँछ तर रोजगारदाताले तलब नै दिँदैनन् । अब जनतालाई लुट्ने र चोर्नेबाहेक अरू केही उपाय नै छैन । सञ्चारकर्मीले जनताको आवाज हुन् । उनीहरूलाई राज्यको चौँथो अंग भनिन्छ । विडम्बना, उनीहरू नै भोकभोकै हिँड्नुपरेको छ ।

अनि उनीहरूले देश र जनताको पीडा कसरी उठाउँछन् ? मिडिया क्षेत्रमा झन् बढी श्रम शोषण देखिएको छ । यहाँ त जसले ठग्न सक्छ, उहीँ माथि पुग्छ । सोझासोझीहरू त सधै हेरेको हेर्‍यै । हुन त आठ कक्षा पढेकोले देश हाँकिरहेका छन् । अनि देश कसरी उभो लाग्छ ? जनताले कसरी सुःख पाउँछन् ?

सञ्चारमाध्यमले अब जनताको अवस्था बाहिर ल्याउनुपर्छ । राजनीतिक दलले पार्टीको सदस्यता भिडाएर सञ्चारमाध्यम र जनतालाई उल्लु बनाएका छन् । यो रोकिन आवश्यक छ । जनता र देशको विषयमा लेख्नका लागि राजनीतिक दलले रोकिदिएका छन् । सरकारले जेसुकै भने पनि देशमा बेरोजगारी बढेको छ ।

बेरोजगारी बढेपछि गरिबी बढ्नु स्वाभाविकै हो । ठग्न जान्नेहरू धनी बन्दै गए । उनीहरूले गरिबको श्रम शोषण गर्दै गए । जसका कारण मुलुकमा गरिब र धनीबीच खाडल बढ्दै गएको छ । धनी झन्झन् धनी बन्दै गएका छन्, गरिब झन्झन् गरिब । मुलुकमा आत्महत्याको दर बढ्दै गएको छ ।


कोही ऋणका कारणले आत्महत्या गर्दै छन् त कोही खान नपाएर । केही वर्षअगाडि संसद भवनअगाडि प्रेम आचार्यले आत्मदाह गरे । भाटभटेनी साहुले भुक्तानी नदिएपछि ऋणमा डुबेका उनले आत्मदाहको बाटो रोजे । उनको मृत्यु भयो, सकियो । भाटभटेनीमा पहिले पेमेण्ट गर्नुपर्छ ।

त्यहाँ उधारो कारोबार हुँदैन । उत्पादनकर्ताको पैसा नतिर्ने अनि उपभोक्ताबाट पहिल्यै पैसा असुल्ने । भाटभटेनी साहु मीनबहादुर गुरुङ्गले चार अर्ब ५० करोड कर तिर्नुपर्ने भनि अदालतले फैसला गरिसकेको छ । यो उनले अहिलेसम्म तिरेका छैनन् । व्यापारीहरूको पैसा पनि उनले दिएका छैनन् ।

अहिले कामदारहरूलाई धमाधम निकालिरहेका छन् । राज्यलाई कर नतिर्ने, कामदारलाई तलब नदिने अनि एमालेलाई पार्टी कार्यालय बनाउन जग्गा दिने । राज्यले यस्ता व्यापारीलाई कारबाही गर्छ भनेर जनताले सोच्नु बेकार छ । किन कि सरकारमा बस्नेहरू यस्तै व्यापारीसँग बिकेका छन् ।

कसैलाई कसैको रगत-पसिना खाने अधिकार छैन । तलब नदिनेहरूविरूद्ध अब आवाज उठाउन थाल्यौं ।

# जनसम्बन्ध विस्तार अभियान एक अनुभूति-२



● कृष्णराज पौडेल ●

हामीहरू चैत्र ३ गते दिउँसो गड्डाचौकी पुग्यौं । जनसम्बन्ध विस्तार अभियानको उद्घाटन गर्ने स्थानको अवलोकन र शारदा व्यारेजको अवस्थिति हेर्ने हाम्रो योजना थियो । पहिले हामी शारदा व्यारेजतर्फ लाग्यौं । नेपाल प्रहरीले राखेको व्यारीयल नजिकै व्यापार गर्ने एकजना व्यापारीलाई तपाईहरू भारतीय सिमा नजिकै बस्नु भएको छ । यहाँको सुरक्षा व्यवस्था र जनजीवनबारे कस्तो महशुस गर्नुभएको छ भनेर सोध्यौं । त्यस्तै त्यहाँ विभिन्न पेशा व्यवसाय गरी बसेका मानिसहरूसँग सोधपुछ गर्दै शारदा व्यारेज तर्फ लाग्यौं । शारदा व्यारेज भन्दा पूर्वतर्फ नेपालतर्फको भूभागमा भारतीयहरूको सुरक्षा व्यवस्था निकै कडा पाइयो । नेपाल भारत सिमानाको नेपालतर्फ भारतीय प्रहरीका ३ वटा घेरा काटेर अगाडि गएपछि एउटा घरभित्र पसिन्छ र त्यहाँबाट निस्केपछि अन्तिमको प्रहरी घेराको चेक जाँच पछि मात्र शारदा व्यारेजमा पुगिन्छ । हामी शारदाबाँध तरेर पारी गयौं । महाकाली नदीको जलाधार पूरै पश्चिमतर्फ फर्काएर भारततर्फ लगिएको छ । नेपालतर्फ सिंचाईको लागि थोरै पानी उपलब्ध गराइएको छ ।

त्यहाँका बासिन्दाहरूको भनाई अनुसार शारदा व्यारेजको मध्य भागमा नेपाल र भारतको झण्डा क्रस गरेर राखिएको थियो । पछिल्लो महाकाली सन्धि (टनकपुर सन्धि) पछि नेपाली झण्डा निकालिएको छ र भारतीय झण्डा मात्रै फहराएको छ ।

२०५१ सालतिर शारदा व्यारेजको आडैमा एउटा भन्सार कार्यालय थियो रे । अहिले करिव करिव ५/७ सय मिटर पूर्वतर्फ सिमा स्तम्भ सारेर त्यहाँको ठूलो भूभाग भारतीयहरूको अतिक्रमणमा परेको प्रष्ट देख्न सकिन्छ ।

नेपाली भूमि मिचेर भारतीय एसएसवीले त्यति कडा सुरक्षा व्यवस्था मिलाउँदा नेपालतर्फ कुनै सुरक्षा व्यवस्था छैन । भारतीय तस्करहरू खुलेआम तस्करी गरिरहेका छन् । सीमा नजिक बस्ने नेपालीहरूले भारतीय प्रहरीहरूको अपमान र ज्यादती सहनु परेको र नेपालको सुरक्षाकर्मी भारतीय सुरक्षाबलको सामु निरिह भएको कुरा गड्डाचौकी वरपर बस्ने नेपालीहरूले बताए । त्यस्तै बेलौरी भुडाहा, प्याराताल, बन्दाताल र पुनर्वास क्षेत्रको नेपाली भूमि भारतीयहरूको अतिक्रमणमा परेको कुरा पनि कञ्चनपुरवासीहरूले बताए ।

चैत्र ४ गते २ बजे भुजेला पुलबाट विशाल जुलुश सहित गड्डाचौकीको भन्सार कार्यालय अगाडि पुगी सभामा परिणत भएर उद्घाटन समारोह सम्पन्न गरियो । ४ गते ५ बजेतिर गड्डाचौकी पुगेर चम्मनचोकमा एउटा कोणसभा सम्पन्न गरी साँझ दैजी पुगेर भरत ठकुल्लाजीको व्यवस्थापनमा उहाँहरूकै घरमा सबै जना बास बस्यौं । भरतजीको परिवारमा दाजुहरू दिदीहरू पनि राजनीतिक रूपमा सचेत भएको पाइयो । ५ गते विहान राजनीतिक क्षेत्रका केही व्यक्तिहरूसँग भेटघाट, शहीद तथा वेपत्ता पारिएका योद्दाहरूको परिवारका सदस्यहरूसँग भेटघाट गर्दै दैजीमा कोणसभा सम्पन्न गरी हामीहरू दोधारा चाँदनी तर्फ लाग्यौं । दोधारा चाँदनी महाकाली नदी पारी पर्दछ । कुतिया कभर धामीटोल, वडा नं. ८ हुँदै भारतीयहरूसँग सिमा विवाद भएको ठाउँ १० नं. वडाको नेपाल भारत सिमानामा नयाँ निर्माण गरिएको सिमा स्तम्भ ६६१ (४७) मा पुगेर अवलोकन गरियो । त्यहाँ खेतको आलीलाई दुई देशिय सिमाना मानेर पश्चितर्फ भारतीयहरूले र पूर्वतर्फ नेपालीहरूले खेती गर्दै आएको पाइयो । त्यही सिमानामा भारतीयहरूले अतिक्रमण गर्ने सिमाना सार्ने बारम्बार नेपालीहरूलाई दुःख दिने, वाली लुट्ने गर्दै आएकाले विवाद भएको कुरा त्यहाँका जनताले बताए । त्यहाँ हामीले भेटघाट गरेका जनता २०१७ सालदेखि बसोबास गर्दै आएकोबताए तर हामीले त्यो भन्दा पुरानो पुस्ताको बासिन्दालाई भेट्न पाएनौं । दोधारा चाँदनीको बीचबाट एउटा जोगबुढा खोला बग्दोरहेछ । त्यो खोलामा पनि पानीको बहाव ठूलो थियो । त्यहाँका बासिन्दाहरूको चालचलन भाषा, संस्कृति बसोबासको स्वरूप हेर्दा त्यो बस्ती निकै पुरानो होला जस्तो लाग्यो । दोधारा चाँदनीको 'वावाथान' चोकमा कोणसभा र ठाउँठाउँमा भित्तेलेखन गर्दै साँझ फर्केर शुक्लाफाँटा ना.पा २ रानीपुर आएर कमल चौधरीको घरमा बस्यौं ।

चैत्र ६ गते विहान बन्साह, कलुवापुरचोक झलारी बजारमा पर्चाविवरण, कोणसभा, भित्तेलेखन, जन भेटघाट गर्दै लालझाडी गा.पा. ६ 'ढक्का' को वस्तीमा पुग्यौं । त्यो वस्ती शुक्ला फाँटा वन्यजन्तु आरक्ष पीडितहरूको वस्ती हो । त्यो वस्तीमा बसोबास गर्ने बासिन्दाका अनुसार २५०० (पच्चीस सय) घर परिवार ढक्का र केही बाहिर पनि बसोबास गरेका छन् । त्यहाँ पहिले १० कठ्ठादेखि ४ विघासम्म जमिन भएका किसानहरू बस्दथे । २०५८ सालमा त्यहाँका किसानहरूको लालपुर्जा (जग्गाधनी प्रमाणपत्र) एक मुष्ठ रद्द गरेर सबैको जग्गा शुक्लाफाँटा वन्यजन्तु आरक्षमा गाभेर त्यहाँका किसानहरूलाई लखेट्यो । ती मध्ये केहीलाई अन्यत्र सट्टा भर्ना वापत जग्गा दिइयो । केही आफन्त नालानाताको आड लागेर बसे । कतिपय बजार क्षेत्रमा गएर कठिन तरिकाले जीवनयापन गरे । पछि २०६४ साल माघ ८ गते बाहिर छरिएर बसेका मानिसहरूलाई वाइसिएल (माओवादी)ले ढक्कामा ल्याएर पुनः बसोबास गरायो । २०६२/६३ सालको आन्दोलनले राजतन्त्र हटाएर गणतन्त्र ल्याएपछि माओवादीहरू खुला राजनीतिमा आएका थिए । त्यो बेला माओवादीले बसोबास गराएको ठाउँमा गएर वस्ती उठाउने शाहस सेनाले पनि गरेन र प्रशासनले पनि गरेन । त्यसैले त्यहाँ बसेका मानिसहरू अहिलेसम्म बसेकै छन् । ढक्कामा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा ठूलो संख्यामा ढक्काका बासिन्दा सहभागी भएका थिए । उनीहरूको भनाई अनुसार अहिले (२०८१चैत्र) सम्म त्यहाँको समस्यालाई लिएर ३३ वटा आयोगहरू बनिसके । कुनै आयोगले पनि त्यहाँका बासिन्दाहरूको पक्षमा केही काम नगरिकन विघटन हुने फेरि अर्को आयोग बन्ने र विघटन हुने क्रम चलिरह्यो । सबैभन्दा पछि गठन भएको आयोगका अध्यक्ष जयानन्द पनेरु हुन् । त्यो भन्दा पहिले ठाकुर प्रसाद शर्मा थिए । कति आयोग त यहाँ आइकन विघटन भए । कति यहाँ आए पनि केही भएन । ढक्का शिविरमा बस्ने बासिन्दाका लागि खानेपानी छैन । विजुली वत्ति छैन । त्यो वस्तीभित्र ट्र्याक्टरले खेत जोताउन पाइँदैन । वाली भित्र्याउन कम्पाइन वा थ्रेसर मेसिन प्रयोग गर्न पाइँदैन । केटाकेटीलाई पढाउनको लागि स्कूल छैन । विरामी पर्दा उपचार गर्ने ठाउँ छैन । रातीको समयमा मट्टीतेलको वत्ति पनि बाल्न पाइँदैन । जंगली जनावरले वाली खाएर सत्यानास पार्छ । खेती बालीमा आएका जनावरलाई धपाउन पनि पाइँदैन । नेपाली सेनालाई पैसा नतिरेसम्म सुकेका दाउरा ल्याउन पाइँदैन । कोही टाठाबाठा मानिसहरू बाहिर शहरमा बस्छन् । यहाँको जग्गा ठेक अधिया लगाएर बाली बुझ्न आउँछन् । हामीलाई जंगली जनावर र नेपाली सेनाबाट ज्यान जोगाउन साह्रै गाह्रो भयो हजुर छाडेर जाउ भने जाने ठाउँ छैन । पहिले एउटा आयोगले आरक्ष पीडित परिचयपत्र पनि दिएको थियो । परिचयपत्र पाएका मध्ये कोही कोही बाहिरै बस्छन् । पटकपटक सिडिओ कार्यालय गयौं । तपाईहरूको व्यवस्था हुन्छ भनेर पठाउँछ । यसो गर्दागर्दै १८ वर्ष बितिसके । यसप्रकारका गुनासाहरू त्यहाँका बासिन्दाले बताए ।

२०६४ साल यता माओवादी, एमाले र कांग्रेसको सरकार बन्दै आएको छ । २०६४ सालको संविधानसभापछि माओवादीका पुष्पकमल दाहाल 'प्रचण्ड', डा. बाबुराम भट्टराई, एमालेका केपी शर्मा ओली, नेपाली कांग्रेसका शेरबहादुर देउवा आदि गरिएका 'नेता' हरूको हातमा देशको शासन सत्ता रहँदै आएको छ । ढक्कामा आरक्ष पीडितहरूलाई लगेर बसोबास गराउने दलका नेता प्रचण्ड पटकपटक प्रधानमन्त्री भएका छन् । ढक्काका जनताले बेहोर्नु परेका अमानवीय समस्या (जस्तो कि २१ औं शताब्दीमा आएर पनि मानव जातिका हकअधिकार खोसेर जंगली जनावरहरूको हक अधिकार कायम हुने) समाधान गर्न राज्यको तर्फबाट उपयुक्त कदम चाल्न कुनै चासो नदेखाउने जस्तो विडम्वनापूर्ण अवस्था देखियो । सुदुरपश्चिममा एकातिर भूमिहीन, सुकुम्बासी, मुक्त कमैया, आरक्ष पीडित, द्वन्द्व पीडितहरूको समस्या विकराल छ भने अर्कोतिर भारत नेपाल सिमा समस्या नेपाली भूमिमाथि भारतीय अतिक्रमण, जल सम्पदामाथि भारतीय एकाधिकार, लिपुलेक, लिम्पियाधुरामाथि भारत र चीनको संयुक्त अतिक्रमण जस्ता गम्भीरतम समस्याहरू छन् । *क्रमशः*

# विश्वप्रसिद्ध उपन्यास 'युवाहरूको गीत'

युवाहरूको गीत चीनकी क्रान्तिकारी एवं सिर्जनशील लेखिका याङ मो (१९१४ अगस्त २५ - १९९५ डिसेम्बर ११) द्वारा लिखित एक विश्वप्रसिद्ध उपन्यास हो । याङ मोको जन्म बेइजिङमा भएको थियो तर उनको पुर्ख्यौली घर हुनान प्रान्तमा थियो । उनको लेखन चिनियाँ कम्युनिष्ट क्रान्ति, नारीवाद र समाजवादी यथार्थवादबाट गहनतापूर्वक प्रभावित भएको देखिन्छ । उनको मुख्य नाम यांग चेंगयी थियो र उनी जिओ हुई उपनाले चिनिन्थिन् ।

यांगको बालककाल आर्थिक संकट र पारिवारिक कलहमा बितेको थियो । उनी १३ वर्षको उमेरमा बेइजिङको बाहिरी क्षेत्र पश्चिम पहाडी भागमा एउटा केटीहरूको स्कूलमा भर्ना भएकी थिइन् । तर उनको परिरवारलाई परिस्थितिले साथ नदिएपछि उनले स्कूल छोडेर जीविकाको लागि काममा जान विवश हुनुपरेको थियो । शुरूमा उनी हेबेई प्रान्तको डिंगजियानमा एउटा प्राथमिक विद्यालयको शिक्षिका बनिन् । पछि पुस्तक पशलमा पनि काम गरिन् । त्यसपछि बेइजिङमा एक निजी शिक्षिका बनिन् । यही क्रममा उनी कम्युनिष्ट विचारधाराबाट प्रभावित भइन् ।

सन् १९३४ बाट उनले लेखन कार्य शुरू गरेकी थिइन् । त्यही वर्ष उनले आफ्नो निबन्ध 'रेहे प्रान्तको पहाडी इलाकाका निवासीहरूको एक रेखाचित्र' प्रकाशित गरिन् । सन् १९३७ मा जापानको विरूद्धमा प्रतिरोध युद्ध शुरू भएपछि उनी शांक्सी चाहर हेबेई सीमाक्षेत्र गइन् । त्यहाँ उनी अंगुओ काउन्टीमा राष्ट्रिय मुक्ति महिला संघको निर्देशक बनिन् र यसको साथै केन्द्रीय हेबेई क्षेत्रमा राष्ट्रिय मुक्तिको लागि महिला संघको सूचना ब्यूरोको निर्देशक पनि बनिन् । सन् १९४२ मा उनी 'डन लाइट डेली' को सम्पादक बनिन् र पछि शांक्सी-चाहर-हेबेई डेली र पिपुल्स डेलीमा काम गरिन् ।

कहिलेकाहीँ उनले यी पत्रिकाहारूको पुरकको कार्यभार पनि सम्हालिन्। उनले सन् १९४९ मा लेखेको उपन्यास 'लाइफ अन द रिडी लेक' प्रतिरोध युद्धको एक यथार्थवादी अभिलेख हो । सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापनापछि यांगले बेइजिङ महिला संघको सूचना विभागमा काम गरिन् । सन् १९५२ मा उनले केन्द्रीय चलचित्र प्रशासनिक ब्यूरोको परिदृश्य बोर्डमा काम गरिन् । यसपछि उनले विभिन्न पत्रिकाको सम्पादकको जिम्मेवारी पनि सम्हालिन् ।

सन् १९५८ मा प्रकाशित उनको उपन्यास 'द सङ अफ युथ' (युवाहरूको गीत) ले सम्पूर्ण चीनमा पाठकहरूको बीचमा हंगामा मच्चायो र सर्वाधिक विक्रीको सूचीमा पुग्यो । यसले चिनियाँ युवाहरूलाई क्रान्तिको लागि प्रेरित गऱ्यो । स्वतन्त्र र स्पष्ट शैलीमा लेखिएको यो कृतिले सन् १९३१ को डिसेम्बरको घटनादेखि लिएर १९३५ को डिसेम्बरको आन्दोलनसम्मको महत्त्वपूर्ण समयक्रममा चीनको कम्युनिष्ट पार्टीको नेतृत्वमा देशभक्त युवा-विद्यार्थीहरूको कठिन जीवन र निरन्तर संघर्षलाई दर्शाउँदछ । सन १९८० को दशकमा उनले आत्मकथा 'फ्लावर अफ लाइफ' लेखिन्, जसमा उनले आफ्ना संघर्षहरूलाई उजागर गरिन् । सन् १९८५ मा प्रकाशित उनको दोस्रो उपन्यास 'द बेस्ट सङ इन हर प्राइम' मा विश्विविद्यालयमा मानसिक पीडाबाट पीडित भएपछि जापान र मुक्ति युद्धमा स्वयंलाई झोकिदिने एक छात्राको बारेमा उल्लेख गरिएको छ ।

यांग मोका अन्य प्रमुख कृतिहरूमा 'टिनेन्ट' (१९६३), 'माई फिजिसियन' (१९६४), 'द रेड मर्निङस्टार लिली' (१९६४) हुन् । उनका धेरै लघुकथा र निबन्ध पनि प्रकाशित भए, जसमा नारीवाद, समाजवाद र देशभक्तिको विषयलाई समेटिएको छ । यांगले चिनियाँ युवा र महिलाहरूको संघर्षलाई आफ्ना रचनामा प्रमुख स्थान दिएकी छिन् । उनको लेखनलाई चिनियाँ इतिहास र समाजको दर्पण मानिन्छ । युवाहरूको गीत उपन्यासलाई आज पनि साहित्यको एक प्रमुख कृति मानिन्छ ।

युवाहरूको गीत एक चर्चित क्रान्तिकारी युवा-विद्यार्थीहरूको वीरताको गाथा हो । यसमा एक युवती लिन ताओचिङको व्यक्तिगत संघर्ष र क्रान्तिकारी जीवनलाई दर्शाइएको छ । यो उपन्यासमा अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक चिनियाँ समाजको मुक्तिको लागि अजेय उत्साह र अत्याधिक बलिदानीपूर्ण संकल्पसहित संघर्षरत युवा-विद्यार्थीहरूको वीरगाथको अन्यन्तै सजीव, प्रेरणादायी र रोचक वर्णन गरिएको छ । यो उपन्यास क्रान्तिकारी संघर्षहरूको विवरण मात्र नभएर क्रान्तिकारी संघर्षको राजनीति, क्रान्तिको दिशा, सही रणनीति र त्यसानुसार सही रणकौशलको सैद्धान्तिक विवेचना तथा तिनीहरूको व्यावहारिक प्रयोगको एक अमूल्य दस्तावेज नै हो ।


यसले चीन निर्माणको कथा बताउँछ । चीनको विगतको भयंकर संघर्षको कथा बताउँछ । युवाहरूको गीतमा समाजको क्रान्तिकारी परिवर्तनको एक सुनिश्चत र उद्देश्यपूर्ण विचारधाराले लैस युवाहरूको कथा छ । उनीहरूको जीवनको एक-एक क्षणले, उनीहरूको रगतको एक-एक थोपाले क्रान्तिकारी चेतना अन्तर्गत आफ्नो महान लक्ष्यको दिशामा सार्थक योगदान गर्दछ । यो उपन्यासको सबभन्दा महत्त्वपूर्ण पक्ष एक युवक वा युवती क्रान्तिकारी जीवनको अग्निदीक्षा कसरी हुन्छन् भन्ने हो ।

युवाहरूको गीत उपन्यासमा विद्रोह, राजनीतिक जागृति, क्रान्तिमा समर्पण जस्ता विषयहरूलाई समेटिएको छ । यसरी नै यहाँ नारीवाद र सामाजिक बन्धनबाट मुक्ति, सामाजिक हितार्थ जीवन वा क्रान्तिको यात्रा, राष्ट्रवाद, त्याग, साहस, सौर्य, प्रेम, आदि विषयको बडो रोचक ढंगले उल्लेख गरिएको छ । यो उपन्यास सामाजिक यथार्थवादी र भावनात्मक शैलीमा लेखिएको छ । यसमा पात्रहरूको मनोवैज्ञानिक विकासलाई धेरै गहिराईपूर्वक देखाइएको छ । यो उपन्यासले चिनियाँ युवाहरूमा देशभक्ति र सामाजिक जिम्मेवारीको भावना जागृत गरानुका साथै महिला सशक्तीकरणमा पनि महत्वपूर्ण योगदान दिएको थियो । त्यसकारण युवाहरूको गीत उपन्यासलाई इतिहासको दस्तावेजसमेत मान्ने गरिन्छ । यसले युवहरूको ऊर्जा, महिलाहरूको संघर्ष र क्रान्तिको सपनालाई दर्शाउँछ ।

उपन्यासमा लिन ताओचिङ शुरुमा एक परम्परावादी र दमनकारी परिवारबाट विद्रोह गरेर आत्मनिर्भर हुने प्रयास गर्छिन् । उनी विस्तारै कम्युनिष्ट विचारधाराबाट प्रभावित हुन्छिन् र राष्ट्रिय संघर्षमा सामेल हुन्छिन् । उनको यात्रा व्यक्तिगत मुक्तिबाट सामूहिक क्रान्तितर्फ अगाडि बढ्छ । यहाँ ताओचिङले महिला मुक्तिको पनि प्रतिनिधित्व गर्छिन् । उनी पुरुषप्रधान समाजको बन्धलाई तोडेर शिक्षा, राजनीति र युद्धमा सक्रिय भूमिका निभाउँछिन् । यो उपन्यासमा लू चियाचुआन र चियाङ हुआ जस्ता पुरुष क्रान्तिकारीहरूसँग उनको सम्बन्ध र समानताको भावना पनि दर्शाइएको छ । यो उपन्यासमा जापानी साम्राज्यवादी आक्रमणको विरोध र कम्युनिष्टहरूको प्रतिरोध आन्दोलनलाई प्रमुख रूपमा देखाइएको छ ।

❑ यो साता कविता

## आदिवासी !



❑ कैलाश मनहर

*उसको यात्रा भोकबाट सुरू भएको थियो*
*भोकले लखतरान पेटको लागि*
*कैयन पटक खान नमिल्ने कुरा पनि खाने गर्थ्यो*
*तर जब पहिलो पटक*
*अभक्ष्य कुरा खाएपछि बिरामी भयो*
*त्यसपछि*
*उसैले थाहा पायो भक्ष्य अभक्ष्यको फरक*
*भोक मेटाउनको लागि*
*ताकेर ढुङ्गा हान्न पनि सिक्यो उसले ।*
*ठीक ठीक तरिकाले निसाना लगाउन सिक्यो*
*फलफूल तथा मासुका लागि*
*ढुङ्गा हान्दा हान्दै*
*थाहा छैन कुन कुन ढुङ्गा जुधे होलान*
*आगोको झिल्का पो निस्क्यो*
*अनि सुकेको घाँस डढ्न थाल्यो*
*पोलिएको कुरा खाँदाको सामुहिक स्वाद*
*पहिलो पटक उसैले थाहा पायो ।*
*बल्दै गरेको आगो देखेर*
*जसलाई ऊ आफ्ना शत्रु ठान्थ्यो*
*ती जङ्गली हिंस्रक जनावरहरू जब भाग्न थाले*
*त्यसपछि*
*आफ्नो सुरक्षाको लागि*
*आगोसँग जीवनको नाता के रहेछ भन्ने पनि*
*पहिलो पटक उसैले जान्यो ।*

*बोट बिरूवा उमार्नलाई*
*बीऊ कसरी उम्रन्छ भन्ने कुरा*
*कैयन शताब्दीको यात्रामा उसैले सिक्यो*
*धरतीको माटोमा बीउ रोप्न*
*बिस्तारै बिस्तारै उसैले जान्यो*
*धरतीको उर्वरा शक्तिलाई चिनेर*
*श्रृष्टिमा आफ्नो वङ्श-लता उसैले विस्तार गर्‍यो*
*ए तथाकथित सभ्य मानिसहरू हो !*
*तिमी उसैका सन्तान हौ*
*छलछामका उपाय सिकेर*
*तिमी उसैलाई ठग्न थालेका छौ*
*जसको यो उर्वर धरतीमा*
*पहिलो हक छ हजारौं वर्षदेखि*
*उसलाई आफ्नो हकबाट वेदखल गर्न सुरू गर्यौ ।*

*तर याद राख*
*उसको यात्रा भोकबाट सुरू भएको थियो*
*भक्ष्य- अभक्ष्यको फरक छुट्याउँदै*
*उसैले निशाना लगाउन सिकायो*
*सारा सभ्यतालाई*
*उसले अझै पनि बिर्सेको छैन*
*ऊ अहिले पनि जान्दछ*
*निशानामा ढुङ्गा हान्ने*
*आफ्नो आदिकालीन शाहस र कौसल ।*

*तिमीले शायद उसलाई बिर्सदै गयौ*
*उसको भोकलाई पनि अहिले भुल्यौ*
*सत्ताको मदान्ध छद्म पाखण्डको कारण*
*तिमी व्यर्थको सभ्यता वोधमा घमण्ड गर्छौ ।*
*उसलाई अहिले पनि सम्झना छ*
*आफ्नो यात्राको सुरूवात*
*अनि जीवन सङ्घर्षका घुम्ति र बिसौनीहरू*
*उसलाई अहिले पनि सम्झना छ ।*

## श्रमको कविता

❑ खेमराज खनाल

*सौन्दर्य सूक्ष्म श्रममा जब देखिँदैन,*
*साँचो यथार्थ कविता अनि लेखिँदैन ।*
*आफ्नो शरीर पसिना रथमा बसाऔं,*
*नौलो भविष्यपथमा रचना सजाऔं ॥*
*॥१॥*
*प्रत्येक गाँसरसमा श्रम नै चुहुन्छ,*
*पृथ्वी समस्त मलिलो श्रमले दुहुन्छ ।*
*निर्माणभित्र श्रमको प्रतिभा सजिन्छ,*
*उद्देश्यको सफलता श्रमले पुजिन्छ ॥*
*॥२॥*
*कुल्ची महत्व कहिले श्रम मेटिँदैन,*
*थोत्रा विचारहरूले श्रम रेटिँदैन ।*
*उर्लन्छ क्रान्ति यसमा गतिरोध आए,*
*को सक्छ ? छेक्न श्रमले फरूवा*
*चलाए ॥*
*॥३॥*
*उठ्तैन विश्व श्रममाथि विभेद बन्दा,*
*चम्किन्छ विश्व श्रमपोषक मूल्य गन्दा ।*
*सक्तौन हेप्न, श्रमशोषक होसियार,*
*पड्कन्छ फाँड्न श्रम बारूदमा मिलेर ॥*
*॥४॥*
*यौटा विचार गहिरो मनबाट फुल्छ,*
*त्यो दिव्य मूर्त रूपले तनबाट खुल्छ ।*
*छेकिन्न जुट्न कसिलो श्रमको सिरानी,*
*यौटै छ विश्वभरको श्रमजिन्दगानी ॥*
*॥५॥*
*मेट्नेछ शीघ्र श्रमले सब राज्यसीमा,*
*बग्नेछ यो पृथिवी नै पसिना-नदीमा ।*
*संसार फेर्न नुनिलौ पसिना बगाऔं,*
*आस्था पगाल्छ मुटुले श्रमगीत गाऔं ॥*
*॥६॥*

*यो विश्वमाझ जहिले श्रमवाद फुल्छ,*
*आकाशसाथ धरती अनि मात्र खुल्छ ।*
*उन्मुक्तिको धुन मिठो मनभित्र डुल्छ,*
*यो विश्वले सकल शोषणलाई भुल्छ ॥*
*॥७॥*
*बाँचौन सज्जन बनी श्रमले जिएर,*
*बस्नै हुदैन अरूको पसिना पिएर ।*
*चुस्ने गरे श्रमिकको दिलभित्र छुन्छ,*
*आगो उठी जगतमा जनयुद्ध हुन्छ ॥*
*॥८॥*
*ब्रह्माण्डमाझ पृथिवी श्रमले घुमेको,*
*ती धन्य हातहरू हुन् श्रमले चुमेको ।*
*विश्वास राख श्रममा सुखका भिखारी,*
*झुक्तैन दिव्य शिर त्यो श्रमको पुजारी ॥*
*॥९॥*
*बाँकी प्रसस्त छ अझै श्रमबाट सिक्न,*
*ज्वालामुखीसँग भिडेर को सक्छ टिक्न ?*
*आफ्नो प्रशासन स्वयं श्रमले लिनेछ,*
*साझा हुनेछ धरती, समता दिनेछ ॥*
*॥१०॥*
*खाएर अन्न श्रमको मन हुन्छ तृप्त,*
*व्यायाम हुन्छ जिउमा तन हुन्छ दीप्त ।*
*निद्रा मिठो छ सपनी पनि हुन्छ प्यारो,*
*मेटिन्छ स्वच्छ भई जीवनको उधारो ॥*
*॥११॥*
*मान्छे भएछ श्रमले पशुबाट भिन्न,*
*आँट्तै छ आज श्रमले युग नै उछिन्न ।*
*यो सभ्यता र सृजना श्रमको चिनारी,*
*सङ्घर्षमा कदम चाल्छ युगान्तकारी ॥*
*॥१२॥*

धरान- १४, सुनसरी

## युवाको...

निम्ति प्रजातन्त्र र शान्ति ।"

नेकपाको प्रारम्भिक कालमा राष्ट्रियस्तरको छुट्टै युवक संगठन थिएन । अखिल नेपाल विद्यार्थी फेडेरेशन २००६ सालमा स्थापना गरिएको थियो । युवक र विद्यार्थीहरू त्यससंगठनमा नै आवद्ध थिए ।

सुरुमा नेपाल कम्युनिस्ट पार्टीले हिक्मत सिंह र केशरजंग रायमाझीलाई युवक विद्यार्थी मोर्चा हेर्ने जिम्मा दिइएको थियो ।

२०१२ साल जेष्ठ २९ गतेदेखि असार ३ गतेसम्म पाल्पाको तानसेनमा प्रथम पश्चिम नेपाल युवक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनको उद्घाटन जनकवि केशरी धर्मराज थापाले गरेका थिए । प्रथम पश्चिम नेपाल युवक सम्मेलनले पारित गरेको विधान/प्रतिवेदन हेर्दा त्यस संगठनको कार्यक्षेत्र पश्चिममा प्यूठान, उत्तरमा थाक (मुस्ताङ), दक्षिणमा कपिलवस्तु र पूर्वमा कास्कीसम्म थियो । त्यस संगठनको उद्देश्य हेर्दा अहिले कम्युनिस्ट पार्टीको युवक स.गठनले उठाएका माग वा बोकेका उद्देश्यहरूसित मिल्दा जुल्दा देखिन्छन् । जस्तै क्ब्ब् त्य सनिधको विरोध, गोर्खा भर्ती केन्द्रको खारेजी, युवकहरूको शिक्षा,स्वाथ्य, रोजगारीको व्यवस्था गर्नुपर्ने लगायतका उद्देश्यहरू थिए । पश्चिम नेपाल युवक संघको प्रतिवेदनमा "काठमाडौं र अरु पूर्वी नेपालका युवक संस्थाहरूसँग सम्बन्ध बढाउने" र राष्ट्रियस्तरको युवक संघ बढाउन पहल गर्ने" भनेर लेखिएको छ । त्यसबाट के स्पष्ट हुन्छ भने त्यतिबेला राष्ट्रियस्तरको नेपालव्यापी युवक संघ थिएन । हुन त २००८ सालमा नेपाल युवक संघ र २०१४ सालमा योगङ् कम्युनिस्ट लिग नायक संगठनहरू स्थापना भएको पनि पाइन्छ । तर तिनीहरूको राष्ट्रव्यापी प्रभाव थिएन भन्ने बुझिन्छ । पश्चिम नेपाल युवक संघको प्रथम सम्मेलनले मदनबहादुर प्रधान सभापति, सूर्यलाल प्रधान (उपसभापति), जगतबहादुर जोशी (महामन्त्री) रहेको समिति बनाएको थियो । पश्चिम नेपाल युवक संघको दोस्रो सम्मेलन नवलपरासीमा सम्पन्न भएको थियो । २०१७ मा राजा महेन्द्रले प्रतिगामी कदम चालेपछि पश्चिम नेपाल युवक संघ काम गर्न नसकेपछि स्वतः विघटन भयो ।

नेकपा नजिकको संगठन वा नेपाली कांग्रेस नजिकका युवक संगठनहरू अहिलेको जस्तो थिएनन् । अहिले भन्दा खुकुला थिए।

अखिल नेपाल युवक संघको प्रथम राष्ट्रिय भेला २०३८ माघ २५ देखि १७) गतेसम्म भारतको कुशिनगरमा सम्पन्न भएको थियो । भेला पुष्पकमल दाहाल संयोजक, सदस्यहरू देव गुरुङ (मनाङ), हुकुम सिंह (प्यूठान), राजेन्द्र श्रेष्ठ (गोर्खा) , कमानसिंह लामा (काभ्रे), मेघराज ज्ञवाली (कपिलवस्तु) सहित १७ सदस्यीय कमिटी गठन गरिएको थियो । भेलामा २९ जिल्लाको प्रतिनिधित्व थियो ।

२०४२ मा नेकपा (मशाल) विभाजित भएपछि नेकपा (मसाल) को दोस्रो राष्ट्रिय भेला २०४२ चैत्र ६ गते सम्पन्न भयो । भेलाबाट रामसिंह बुढाथोकी अध्यक्ष र महामन्त्री राजेन्द्र श्रेष्ठ रहेको ९ सदस्यीय कमिटी गठन भएको थियो ।

२०४४ चैत्र २१ देखि २३ सम्म ललितपुरको गोदावरीमा अखिल नेपाल युवक संघको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । त्यस राष्ट्रिय सम्मेलनबाट केशव नेपाल अध्यक्ष हुनुभयो । २०४७ भाद्रमा दोस्रो, २०५२ मा तेस्रो, २०५८ चैत्रमा चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो ।

२०८०/२०८१ मा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मशाल) र नेकपा (बहुमत) का बीचमा पार्टी एकता भएपछि क्रान्तिकारी युवा संघ नेपाल बनाइएको छ ।

२०४७ मा नेकपा (एकताकेन्द्र) बनेपछि गिरिराजमणि पोखेलको नेतृत्वमा अखिल नेपाल जनवादी युवा लिग गठन भएको थियो । २०५१ मा पार्टी विभाजन भएपछि नेकपा (एकताकेन्द्र) र नेकपा (माओवादी) निर्माण भए । नेकपा (एकताकेन्द्र) ले अखिल नेपाल जनवादी युवा लिगलाई नै निरन्तरता दियो । तर नेकपा (माओवादी) ले युवाहरूलाई जन मिलिसियामा भर्ना गरी क्रियाशील बनाएको हुँदा युवा मोर्चा खासै क्रियाशील भएन । यदाकदा कतिपय ठाउँमा योङ कम्युनिस्ट लिग (वाइसिएल) लाई स्थानीयस्तरमा संगठित र परिचालित गरे पनि राष्ट्रियस्तरबाट युवा मोर्चा परिचालनको काम भएन । तर २०६३ मा नेकपा (माओवादी) शान्ति प्रक्रियामा आइसकेपछि गणेशमान पुनको नेतृत्वमा योङ कम्युनिस्ट लिग (वाइसिएल) लाई सक्रिय पार्ने काम भएको थियो ।

***युवाबारे मार्क्सवादी दृष्टिकोण***

*-कार्ल मार्क्स :*

सन् १८३५ मा १७ वर्षकै उमेरमा कार्ल मार्क्सले"पेशा छनौट सम्बन्धी एक युवकको विचार" निबन्ध लेखेका थिए । त्यो निबन्धमा मार्क्सले लेखेका छन्–" यदि कुनै व्यक्तिले केवल आफ्ना लागि मात्र काम गर्दछ भने ऊ केवल एउटा जाने, बुझेको प्रसिद्ध मान्छे, उत्कृष्ट कवि, लेखक बन्नसक्छ तर ऊ पूर्ण मान्छे बन्न सक्दैन ।

लेनिनः सन् १९१६ मा लेनिनले "युवा अन्तर्राष्ट्रिय"शीर्षकमा एउटा लेख लेख्नु भएको थियो । त्यस लेखमा लेनिनले लेख्नु भएके थियो, "युवा संघले समाजवादी पार्टीका निम्ति कार्यकर्ताहरूलाई प्रशिक्षित गर्नुपर्दछ ।" लेनिनले युवाहरूले गल्ती गरे भने उनीहरूको गल्ती प्रति धैर्यता राख्नुपर्दछ, उनीहरूलाई सम्झाई, बुझाई सुधार्ने कोशिश गर्नुपर्दछ ।" भनेका छन् । युवा संगठन कम्सामोलको तेस्रो महाधिवेशनमा लेनिनले दिएको भाषण विश्व प्रसिद्ध छ । त्यो भाषणमा लेनिनले भनेका थिए, "युवाहरूको अनुशासन, शिक्षा र अध्ययनको सारा कार्य उसमा कम्युनिस्ट नैतिकताको शिक्षा दिक्षा दिने उद्देश्यले गरिनु पर्दछ ।"

***"कम्युनिस्ट नैतिकता त्यो हो, जसले श्रमजीवीहरुलाई जुनसुकै किसिमको शोषणका विरूद्ध जुनसुकै किसिमको सानातिना स्वामित्व विरूद्ध एकताबद्ध पर्दछ ।" लेनिनले युवाको काम र दायित्वबारे जोड दिएर भनेको कुरा यो हो, "युवाको काम सिक्नु हो ।"***

*- माओः*

सन् १९३९ मा माओले "युवा आन्दोलनको दिशा" शीर्षकमा एउटा लेख लेखेका थिए । त्यसमा माओले लेखेका छन्–"कुनै पनि युवा क्रान्तिकारी हो वा होइन भन्ने छुट्टाउने एउटा मात्र कसी भनेको ऊ मजदुर र किसानहरूको आन्दोलनमा, सहभागी हुन्छ वा हुन्न भन्ने हो ।" सन् १९५७ मा रुस भ्रमण गएका बेला मस्कोमा चिनियाँ विद्यार्थीहरूसँग कुरा गर्दै माओले भनेका थिए-"युवाहरू ! तिमीहरू विहानीको उदाउँदो सूर्य र पक्रँदोफूल हौं ।"

***नेपालमा युवाको वर्तमान अवस्था***

राष्ट्रिय युवा परिषद् ऐन -२०७२ र राष्ट्रिय युवा नीति-२०७२ ले १६ वर्षदेखि ४० वर्षका उमेर समूहलाई युवा मानेको छ ।

बंगलादेश र फिलिपिन्समा १५-३० वर्ष, भारतमा १६-२९, चीनमा १८-३५ जर्मनीमा १४-२६, दक्षिण अफ्रिकामा १५-२९ वर्षको उमेर समूहलाई युवा मानिन्छ ।

नेपालमा युवाहरूको जनसंख्या २०७८ को राष्ट्रिय जनगणना अनुसार १ करोड २४ लाख १२ हजार १ सय ७३ (४२.५६ प्रतिशत छ) सरकारले १९.८ प्रतिशत पूर्ण बेरोजगार ३६ प्रतिशत युवा अर्ध बेरोजगार छ भनेको छ ।

***युवाको दायित्व :***

(क) युवा भएकाले युवाहरूको समस्यालाई उठाउन गर्दै संघर्ष गर्ने ।

(ख) युवा मजदुर किसानकै छोराछोरी भएकाले मजदुर, किसानको लागि संघर्षमा योगदान गर्ने ।

(ग) युवा देशकै नागरिक भएकाले देशप्रतिको जिम्मेवारी बोक्न तयार हुनुपर्दछ ।

## काभ्रेमा...

प्रशिक्षण दिएका थिए ।

स्थायी समिति सदस्य बसन्तले राजनीतिक अर्थशास्त्र, शब्दपरिचय, उपनिवेश-अर्धउपनिवेश, उदारवाद-नवउदारवादबारे प्रशिक्षण दिएका थिए ।

पोलिट्ब्युरो सदस्य प्रीतमले विश्व कम्युनिस्ट आन्दोलन, धर्म र संस्कृति, पोलिट्ब्युरो सदस्य एस.टी.ले अतिरिक्त मूल्यको सिद्धान्त, ऐतिहासिक भौतिकवाद र अर्थ-राजनीतिको विषयमा प्रशिक्षण दिए । त्यस्तै पोलिट्ब्युरो सदस्य दर्पणले संशोधनवाद र नेपालको संशोधनवादबारे प्रशिक्षण दिने कार्यक्रम रहेको थियो ।

प्रशिक्षण कार्यक्रमको उद्घाटन स्थायी समिति सदस्य तथा स्कुल विभाग प्रमुख राजवीरले गरेका थिए । उद्घाटन सत्रमा स्थायी समिति सदस्य सुदर्शन र १० नम्बर ब्युरो इन्चार्ज प्रवेशले प्रशिक्षणको महत्वबारे मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन ब्युरो सचिव विकासले गरेका थिए भने प्रशिक्षणमा १० नम्बर ब्युरोअन्तर्गत ४० जना प्रशिक्षार्थी सहभागी भएका छन् ।

## मिलेका...

संयोजक नारायण प्रसाद शर्माले कमजोर हुँदै गएको कम्युनिष्ट शक्तिलाई एकठाउँमा ल्याउनु पर्ने धारणा राख्नु भयो । नेकपा मशालका पुष्पलाल श्रेष्ठले सँगै काम गरेका र अग्रज कामरेडहरूसँग भेट हुन पाउँदा खुशी व्यक्त गर्दै भेला सफलताको शूभकामना दिनु भयो । त्यसै गरी नेकपाका शरण विक्रम मल्लले आन्दोलनको नेतृत्व गर्ने शक्ति यो मोर्चा हो भन्नु भयो । वहाँले एक जना व्यक्तिले पनि ठूला ठूला आन्दोलन र उपलब्धि हासिल गर्न सक्दछन् । प्रतिरोध जनअधिकार आन्दोलनका संगीत श्रोताले साम्राज्यवाद विरोधी मोर्चा बनाउन जरुरी छ, यो मोर्चालाई साम्राज्यजाद विरोधी मोर्चाको रूपमा विकास गर्न आवश्यक छ भन्नु भयो । नयाँ जनवादी मोर्चाका दिनेश बर्तौलाले संसदवादीहरूको भ्रमलाई चिर्न पर्ने बताउनु भयो । नेकपा मार्क्सवादी पुष्पलालका टंक भट्टराईले चीनले पनि नेपाललाई हस्तक्षेप गर्न थालेको बताउँदै राष्ट्रिय स्वाधिनताको आन्दोलनको आवश्यकतामा जोड दिनु भयो ।

कार्यक्रममा नेकपा वामपन्थी केन्द्रका संयोजक राजकुमार कक्षपति, वाम बुद्धिजीवि महादीव पोखेल, कोशी प्रदेशबाट अनुकुल, मधेश प्रदेशबाट इश्वर ढुङ्गेल, गण्डकी प्रदेशबाट दीपक गुरुङ, बागमती प्रदेशबाट शैलज पौडेल, लुम्बिनी प्रदेशबाटबाट कमल भूषालले भेला सफलताको शुभकामना दिनु भएको थियो ।

दोस्रो चरणको कार्यक्रमबाट राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालको १७ सदस्सीय केन्द्रीय समिति गठन भएको छ । जसको संयोजक सन्तबहादुर नेपाली, सदस्यहरू लोक नारायण सुवेदी, नरेद्रबहादुर तान्डुकार, दिनेश शर्मा, मुकुन्द आचार्य, पुस्कर गौतम, प्रमोद धिताल, शैलज पौडेल, विमल शर्मा, पुष्पलाल श्रेष्ठ, दिनेश बर्तौला, रामशरण मगर, अच्युतराज ज्ञवाली, टंकप्रसाद भट्टराई, नविन कुमार कक्षपति, प्रेमबहादुर तरामी मगर र महादीप पोखेल रहनु भएको छ । समिति गठन पश्चात बसेको बैठकले २०८२ भाद्र २४ गते मंगलबार संवाद डबलीमा पत्रकार सम्मेलन गर्ने र त्यस पछि लिपुलेकबारे काठमाण्डौमा अन्तरक्रिया कार्यक्रम गर्ने समेत निर्णय गरेको छ ।

दोस्रो चरणमा भेलाका अध्यक्ष लोक नारायण सुवेदीद्वारा प्रस्तुत प्रतिवेदनमाथि ब्यापक अन्तरक्रियात्मक छलफल बहसपछि आवश्यक थपघट परिमार्जनसहित प्रतिवेदन पारित गरिएको थियो । नवनिर्वाचित कार्यसमितिको बैठकले प्रारम्भिक रूपमा कार्यविभाजन समेत गरेको सम्बद्ध स्रोतले जनाएको छ ।

## चिसापानीको...

उक्त जग्गा कब्जा गरेको घोषणा गरेको थियो ।

उसले आफ्नो पुरानै माग दोहोऱ्याउँदै राष्ट्रिय आवास कम्पनीको नाउ बाट तिमिल्सिना ट्रेर्डसको नाममा बिक्री भएको भनिएको उक्त जग्गा सार्वजनिक सम्पति नै हुनुपर्ने अडान दोहोऱ्याएको छ । 'हामीले त्यहाँका जनतालाई पटक पटक भन्दै आएको बिषय के हो भने उक्त जग्गा पुरै नै सार्वजनिक सम्पतिको रूपमा राख्नुपर्छ दलालहरूलाई बाँडफाँड गरेर दोहन गर्न दिइनु हुदैन भन्ने हाम्रो पुरानै अडान हो कुनै पनि बिचौलियाको योजनामा नफस्न स्थानीय सरोकारवाला लाई हामीले आग्रह गछौ- पार्टीले धारणा प्रति स्रोतले भन्यो- जग्गा सार्वजनिक रूपमा राख्ने स्थानीय बासिन्दासंग हामी सहकार्य गर्नेछौ । उनीहरूको आन्दोलन प्रति हामी ऐक्यबद्धता जनाउन आतुर छौ ।'

स्थानीयले दशकौ देखि संरक्षण गर्दै आएको विवादित उक्त जग्गाको क्षेत्रफल ८ बिघा १२ कठ्ठा २ धुर रहेको छ ।

## रक्तिम...

सन्देश सञ्चार गरेको थियो । यो गीतमा सामना सांस्कृतिक परिवारका संयोजक असल पाख्रिन, प्रतिभा पौडेल लगायतका जनकलाकारहरूले आकर्षक नृत्य प्रस्तुत गर्नुभएको थियो ।

त्यसपछि सुरिलो स्वरकी धनी नवगायिका अनु शर्माले विदेशिने युवाहरूलाई लक्षित गरी रचना गरिएको 'मलाई मेरै देशको माया छ, जान्न म त जान्न, मेरो देश छोडेर जान्न' बोलको गीत प्रस्तुत गर्नुभएको थियो ।

यसपछि कार्यक्रममा तराईका थारु कमैया मजदुरहरूको कथा ब्यथामा आधारित थारु भाषाको गीतमा थारुहरूको सांस्कृतिक पहिचना झल्कने भेषभुषासहितको नृत्य प्रस्तुत गरिएको थियो ।

त्यसपछि दशवर्षको जनयुद्धकी स्थापित तथा चर्चित जनगायिका निर्मला घिसिङ र जनगायक आरोह नेपालीले 'काँडाहरूको बिचमा हाँसेर जीवन फुल्छ' गीत संयुक्त रूपमा प्रस्तुत गर्नुभएको थियो । त्यस लगत्तै जनगायक अनिश योञ्जनको शब्द, संगीत र स्वरमा 'तेमाल गाउँ'को बलिदानको गाथा झल्कने तामाङ सेलोमा तामाङ समुदायको सांस्कृतिक पहिचान झल्कने भेषभुषासहितको आकर्षक नृत्य प्रस्तुत गरियो ।

यसपछि जनयुद्धले जन्माएका र पछिल्लो समयका सर्वाधिक चर्चित बहुमुखी प्रतिभाका धनी कलाकार सुवोध गौतमले दर्जनौ नेताहरूको क्यारिकेचर गरेर चोटिलो व्याङ्ग्य प्रहार गर्नुभयो । हललाई उपस्थित पंक्तिलाई मज्जाले हँसाउनु भयो । उहाँको प्रस्तुतिमा यथास्थितिमाथिको चोटिलो ब्याङ्ग्य र क्रान्तिकारी परिवर्तनप्रतिको आशावाद व्यक्त भएको थियो ।

त्यसपछि 'सालैज्यूको भाका'मा अर्को क्रान्तिकारी गीतमा सुन्दर नृत्य प्रस्तुत गरियो । यो प्रस्तुति लगत्तै जनयुद्धले जन्माएका र पछिल्लो समयका जनप्रिय जनगायक रमण थामी र अर्को सामना परिवारका संयोजक समेत रहेका आरोह नेपालीले सुदुर पश्चिमको छलिया भाषामा लिम्पियाधुरा, लिपुलेक र कालापानीमाथि भारत र चीनले गरेको अतिक्रमणका विरुद्धमा लेखिएको देशभक्तिको भावनाले ओतप्रोत गीत प्रस्तुत गर्नुभयो ।

यसपछि अभिनय कलाका धनी चर्चित जनकलाकार रक्तिम अभियानका अध्यक्ष नारायण शर्माले पुजा गीति नाटकको एक अंश प्रस्तुत गर्नुभयो । रोजीरोटीको लागि बाध्यतावश विदेशिएका नेपालीहरूलाई सामन्ती शासकहरूको अत्याचारका विरुद्धको विद्रोहमा होमिन आव्हान गरिएको क्रान्तिकारी गीति नाटक जीवन्त अभिनयका साथ प्रस्तुत गर्नुभयो । त्यसपछि टप्पा भाकाको क्रान्तिकारी गीतमा आकर्षक नृत्य प्रस्तुत गरियो ।

र, अन्त्यमा क्रान्तिकारी जनवादी गीतका धरोहरका रूपमा रहेका चर्चित एवम् स्थापित जनगायक जीवन शर्माले ४० वर्ष अगाडि रचना गर्नुभएको 'सिमली छायाँमा बसी...' र ४ वर्षअघि रचना गरिएको 'बाटो मुस्कुरायो' गीत प्रस्तुत गर्नुभयो । यो गीतमा मञ्च र हलमा पनि दर्शकहरू मज्जाले नाचेका थिए ।

यो जनसांस्कृतिक कार्यक्रममा सत्तारुढ एमाले बाहेकका अन्य वामपन्थी तथा क्रान्तिकारी पार्टीका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेल गौरव, स्थायी समितिका सदस्यहरू रामसिंह श्रीस, सन्तबहादुर नेपाली, हेमन्तप्रकाश ओली, सल्लाहकार अध्यक्ष गोविन्द सिंह थापा, इच्छुक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखी लगायत ठूलो संख्यामा नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । त्यसैगरी नेकपा (मसाल)का महामन्त्री मोहन विक्रम सिंह, राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल लगायतका नेताहरूको पनि उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी...

अग्रदस्ताको रूपमा आम नेपाली जनसमुदाय र भूमिहीन सुकुमबासी, दलित, किसान र मजदुरका बिचमा सङ्घर्ष गर्दै आइरहेको सङ्गठन हो । यो सङ्गठनले सुकमबासी तथा भूमिहीन किसानको पक्षमा निरन्तर सङ्घर्ष गरिरहेको छ । नेपाली जनताले गरेको सङ्घर्ष अपूरो भएकै कारण यति बेला विभिन्न किसिमका समस्या पैदा भएका छन् ।

यति बेला क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा नयाँ जनवादी क्रान्तिको खुट्किलो पार गर्दै वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिको दिशामा अगि बढिरहेको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको पदचापलाई पछ्याउँदै त्यसकै जनवर्गीय सङ्गठन क्रान्तिकारी सुकुमबासी सङ्घ नेपाल यति बेला भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीहरूको पक्षमा निरन्तर उभिँदै आएको छ । नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका सीमित मौलिक हकसमेत खोस्ने दिशामा यो राज्यव्यवथाका सञ्चालकहरू उन्मुख भइरहेको सन्दर्भप्रति माननीय मन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण गराउँदछौँ ।

१. नेपाल सरकारले ल्याएको किसान भूमिहीन र सुकुमबासी विरोधी भूमि ऐन पारित गरेर विचौलियाहरूलाई पोस्ने र अन्ततः भूमि बैङ्कमार्फत किसान, भूमिहीन, दलित, सुकुमबासी, अव्यवस्थित बसोबासीहरूलाई कर्पोरेट पुँजी (निगम पुँजी) को अधीनमा राख्ने जुन साजिस गरिएको छ, यसको तत्काल खारेज गरियोस् ।

२. नेपाल सरकारले भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूलाई जमिन दिनका लागि यो ऐन ल्याइएको नभई उनीहरूलाई वर्षौंदेखि बसोबास गर्दै आएको जमिनबाट मुक्त गर्ने (हटाउने) प्रपञ्च रचिएको देखिन्छ । यस किसिमको प्रपञ्चका साथ ल्याएको सुकुमवासी मारा ऐन तत्काल खारेज गरियोस् ।

३. अदालतले रोकिएको भूमिलाई फुकुवा गर्ने उद्देश्यका साथ हिजो जमिनदारहरूले हडपेर राखेको हदबन्दीभन्दा माथिको सबै जग्गा जमिन किनेबेच गर्न सक्नेछन् भनिए पनि यसरी सरकारले भूमिहीन किसान, सुकुमबासी तथा अव्यस्थित बसोबासीका विरुद्ध ठूला जमिनदार, जग्गा दलाल र विचौलियाहरूको पक्षमा ल्याइएको उक्त भूमि ऐन तत्काल खारेजको माग गर्दछौँ ।

४. जन्मसिद्ध जमिनको अधिकार प्राप्त गर्ने र वर्षौंदेखि बासोवास गर्दै आएका दाङ, बाँके, बर्दिया कैलाली कञ्चनपुरका मुक्तकमैयाहरूको समस्या तत्काल समाधान गरियोस् ।

*२०८२ भदौ १७ "*

## तीनवटा...

प्रतापपुर गाउँपालिकामा बुझाइएको २० बुँदे ज्ञापनपत्रमार्फत पार्टीले गाउँपालिका भित्रको भ्रष्टाचार, अनियमितता, सार्वजनिक सम्पत्तिको दुरूपयोग, शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माणमा देखिएको कमजोरीप्रति गम्भीर आपत्ति जनाउँदै तत्काल सुधारको माग गरेको हो । पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज क्षेत्र बहादुर थापाले भ्रष्टाचारविरुद्धको अभियान तीन चरणमा सञ्चालन हुने जानकारी दिँदै भन्नुभयो, "पहिलो चरणमा जनचेतना जगाउन ज्ञापनपत्र, दोस्रो चरणमा भ्रष्टाचारीहरूको भण्डाफोर, र तेस्रो चरणमा जनकारबाही हुनेछ ।" पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयले जिल्लाका विभिन्न सरकारी कार्यालय र स्थानीय तहमा व्याप्त विकृति तथा विसंगतिका विरुद्ध जनस्तरबाट संघर्ष गर्ने पार्टीको योजना रहेको बताउनुभयो ।

कार्यक्रममा पार्टीका जिल्ला सचिवालय सदस्य तथा पालिका संयोजक यम बहादुर गुरुङले शिक्षा, स्वास्थ्य, कृषि, यातायात, पर्यटन र सार्वजनिक सम्पत्तिको संरक्षणलगायतका मागहरू प्रस्तुत गर्नुभयो । ज्ञापनपत्र ग्रहण गर्दै प्रतापपुर गाउँपालिका अध्यक्ष उमेश यादवले "गाउँपालिकाले सक्ने मागहरू तत्काल सम्बोधन गर्नेछ, बेला मौकामा पार्टीले हामीलाई सुझाव दिनुपर्छ " भनी प्रतिक्रिया दिनुभयो ।

सोही दिन पार्टीको पाल्हीनन्दन गाउँ संगठन समितिले पनि पाल्हीनन्दन गाउँपालिकामा १७ बुँदे ज्ञापनपत्र बुझाएको छ । कार्यक्रममा वैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयले गाउँपालिका अध्यक्ष बैजु प्रसाद गुप्ता (दीपक) र प्रमुख प्रशासकीय अधिकृत दिनेश गौडसंग छुट्टाछुट्टै भेट गर्दै, भष्ट्राचार देशको प्रमुख दुश्मन भइसकेकोले भ्रष्टाचारमा संलग्न जो सुकै भएपनि त्यसै छाड्न नहुने विचार ब्यक्त गर्नुभयो । सो अवसरमा पार्टीका जिल्ला कार्यालय सदस्य दुर्गा नारायण चौधरीले पाल्हीनन्दन गाउँपालिकाको जनताका तर्फबाट बिभिन्न जनसरोकार समाबेश गरिएको ज्ञापन पत्र प्रस्तुत गर्नुभयो । पार्टीबाट पाल्हीनन्दन गाउँपालिकाको जिम्मा समेत पाउनुभएका चौधरीद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा भनिएको छ, "राज्य सत्ता भ्रष्ट र कमिसनखोरीको अखडामा परिणत भएको छ । वर्तमान व्यवस्था प्रतिको जनताको अविश्वास सडकमा प्रकट भइरहेको छ । यस्तो अवस्थामा देशमा फासिवाद, प्रतिगमन वा क्रान्तिका परिवेश तयार हुँदैछन्।" ज्ञापनपत्रमा चेतावनी दिइएको छ कि यदि मागहरू बेवास्ता गरिएमा पार्टी चरणबद्ध आन्दोलनमा जान बाध्य हुनेछ । कार्यक्रममा पार्टीका जिल्ला सदस्यस्तरका नेताहरू ज्ञान बहादुर केसी र मेखनारायण चौधरी लगायतको उपस्थिति रहेको थियो ।

यसबीच विहीवार नै सरावल गाउँपालिकाका अध्यक्ष सुखाडी चौधरी समक्ष १९ बुदें ज्ञापनपत्र बुझाइएको छ । पार्टीका पालिका संयोजक मेखनारायण चौधरीले उक्त ज्ञापन पत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा पार्टीका युवा नेता रवि पाण्डेयले ज्ञापन पत्र प्रचारात्मक नभई बिशिष्ट रहेकोले ज्ञापन पत्रका माग पूरा गर्न गाउँपालिकालाई आग्रह गर्नुभयो । सो अवसरमा पार्टीका जिल्ला कार्यालय सदस्य दुर्गा नारायण चौधरी र ज्ञान बहादुर केसीको समेत उपस्थिति रहेको थियो । पार्टीले जिल्लाका सातवटै पालिकामा ज्ञापनपत्र बुझाउने योजना रहेकोमा पाँच वटा पालिकामा ज्ञापन पत्र बुझाएको बताउदै थप भण्डाफोरका कार्यक्रम गर्ने जनाएको छ ।


यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## युवाको भूमिका (क्लास नोट)

**नेपालमा युवाहरूको जनसंख्या २०७८ को राष्ट्रिय जनगणना अनुसार १ करोड २४ लाख १२ हजार १ सय ७३ (४२.५६ प्रतिशत छ) सरकारले १९.८ प्रतिशत पूर्ण बेरोजगार ३६ प्रतिशत युवा अर्ध बेरो जगार छ भनेको छ ।**



● रामबहादुर बुढा ●

*१) युवा संगठनको उद्देश्य*

युवा संगठन पार्टीको दाहिने हात मानिन्छ । यो कम्युनिस्ट पार्टीको महत्वपूर्ण संगठन भएकाले यसलाई संचालनमा विशेष ध्यान दिनुपर्दछ ।

विगतमा युवा संगठनले स्थानीयस्तरमा जनताको सामाजिक अवस्था, जनताका दुःख, पीडा, जनतालाई शोषण दमन गर्ने शोषक फटाहाहरू र विभिन्न राजनीतिक दलका नेताहरूको रेकर्ड संकलन गर्नेर युवा संगठनको माथिल्ला समितिलाई रिपोर्ट बुझाउने गर्दथ्यो । त्यसबाट कम्युनिस्ट पार्टी र युवा संघलाई नीति, कार्यक्रम तय गर्न मद्दत पुग्दथ्यो । युवा संघको त्यो कार्य अहिले पनि आवश्यक छ ।

विगतमा युवा संघले १६ वर्ष नपुगेका बालक किशोरहरूलाई जम्मा गरेर बाल संघ बनाउँथ्यो । बालकहरूलाई स्थानीयस्तरमा सानातिना खेलकुंद, हाजिरजवाफ, वक्तित्वकला कार्यक्रम गराउँथ्यो त्यो अहिले पनि आवश्यक छ ।

युवा संघले युवाहरूमा प्रगतिशील संस्कृति, आचारणको निर्माण गर्न ध्यान दिनुपर्दछ ।

युवा संघले राष्ट्रियता, जनतन्त्र, जनजीविकाको आन्दोलनमा सक्रियतापूर्वक नेतृत्व गर्ने काम गर्नुपर्दछ ।

युवा संघले मजदुर किसानको आन्दोलनमा सक्रियतापूर्वक भाग लिनुपर्छ र आन्दोलनको नेतृत्व गर्न पनि तयार हुनु पर्दछ ।

युवाहरूमा वर्गीय दृष्टिकोण र भावनाको विकास गर्नु ।

*युवा संघको इतिहासः*

२००६ साल भाद्र ३० (१९४९ सेप्टेम्बर १५) मा नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्र जारी गरिएको थियो । त्यो घोषणापत्रमा विभिन्न जनवर्गीय संगठनहरूको घोषणापत्रको आधार दिइएको छ । घोषणापत्रमा भनिएको छ- नेपालका प्रजातन्त्रवादी युवाहरू हो । नेपालको पहिलो राष्ट्रिय आन्दोलनमा तिमीले महत्वपूर्ण योगदान दिएका छौं । प्रशस्त मात्रामा रगतको भेटी चढाएका छौं । युवक गंगालालको अमर सहादत प्राप्तिले तिमीलाई नयाँ संघर्ष र बलिदानको निम्ति उत्साहित तुल्याएको छ । सन् १९३० का एक जना वीर युवक श्री खड्गमान अझै पनि तेल हत्कडी र गल्फन्दी सहित जेलैमा छन् । नेपाली परम्परालाई उच्च टाकुरामा लैजाने बेला यही हो । यसको निम्ति दिनहुँ पाको संघर्ष गर्नुपर्दछ । आजसम्म तिम्रो स्वतन्त्र पाको संगठनको कमी छ । तपसिलका मागहरू हासिल गर्नका निमित आफ्नो स्वतन्त्र लडाकु संगठन कायम गर ः

१) सर्वसाधारण जनताको निम्ति पूरा प्रजातान्त्रिक अधिकार ।

२) प्रजातान्त्रिक ढाँचाको शिक्षा विना फिस र अनिवार्य प्राथमिक शिक्षा, उच्च शिक्षाको निम्ति कम फिस ।

३) पाठशालाको पूर्ण अधिकार ।

४) सच्चा स्वतन्त्रताको बाँकी ७ पेजमा


# बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार :**

- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार ।

**त्यसैले :**

- बालश्रम अन्त्य गरौं,
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं,
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं,
- बालमैत्री समाजको निर्माण गरौं,

**'आजका बालबालिका, भोलिका कर्णधार'**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


## प्रगतिशील...

रहेको छ । यस क्षेत्रको प्रतिध्रुवीय धारामा पनि केही समस्याहरू होलान् । यस क्षेत्रमा मलाई रामशरण दर्नालको नाम याद आउँछ । उहाँको गीत सङ्गीतको सौन्दर्यशास्त्र सम्मवन्धी दुईवटा लेख मैले पढेको छु । ती लेखहरू महत्वपूर्ण छन् । अरू पनि कतिपय साथीहरूले लेखेका छन् ।

गीत सङ्गीतको बारे लेख्नेमा थोरै ऋषिराज बरालजीको पनि छ । समस्या के पऱ्यो भने सङ्गीत भित्रैको कुरा नबुझिकन सङ्गीतको बारेमा निर्देशन दिन बडो आपत पर्छ । गीत सङ्गीतको मर्म बुझेर समीक्षा गर्दा त्यो ठिक हुन्छ । अलिअलि लेख्न सकिन्छ । त्यसलाई राम्रै तरिकाले चिरफार गर्न धेरै गाह्रो पर्छ । निनुजीले पनि अर्नेस्टो फिसरका लेख अनुवाद गर्नु भएको छ । त्यो पनि महत्वपूर्ण रचना हो । त्यसैगरी ईश्वरचन्द्र ज्ञवालीका पनि एकदुई वटा अनुवाद छन् । यो क्षेत्रमा प्रयास भएको छ । तर पुरा छैन ।

यसमा दुईवटा कुरा छन् । एउटा, सङ्गीत साधक र सङ्गीत स्रष्टाहरूले त्यो विषयमा कत्तिको ध्यान दिनुहुन्छ भन्ने कुरा हो । अर्को गीत बनाएर गाएर मात्रै हुँदैन । यसका बारेमा त सङ्गीतको स्पष्ट निर्देशन हुन जरुरी छ । यस विषयमा हाम्रो प्रगतिवादी क्षेत्रले ध्यान दिन सकेको छैन । यो हाम्रो कमजोरी हो ।

गीत सङ्गीतको सौन्दर्यको विवेचना गर्न गीत सङ्गीतको भित्री मर्मको बारेमा ज्ञान हुनु जरुरी छ । नेपालमा यस बारेमा धेरै अध्ययन र लेखन हुन सकेको छैन । यो धेरै गाह्रो कुरा पनि हो । प्रगतिशील गीत सङ्गीतको मात्रा, ताल र भावको कुरा त गरियो, त्यो भनेको के हो भन्ने कुरामा राम्रो अध्ययन र लेखन हुनु जरुरी छ ।

पञ्चायत कालमा गीत लेख्ने र गाउनेमा पाख्रिनको पनि महत्वपूर्ण योगदान छ । यस क्षेत्रमा रामेश, रायन, रामकृष्ण दुवाल, जेवी टुहुरे, श्याम तमोट आदि थुप्रै थुप्रैको नाम आउँछ । पछिल्लो कालमा मणि थापाले पनि लेख्नुभयो । उहाँहरू सबैले असाध्य मिहिनेत गर्नु भयो यस क्षेत्रमा । जनयुद्धको प्रकृयामा थुप्रै थुप्रै साथीहरूले लेख्नुभयो । यो लेखेको कुरा राम्रो छ । यसको समीक्षा गर्ने कुरा निकै गाह्रो छ ।

यस क्षेत्रमा प्रगतिवादी क्षेत्रका समालोचक र समीक्षकहरूले विशेष जोड दिन जरुरी छ । हाम्रो समीक्षाको शैली प्रभाववादी छ । गीत सुन्यो अनि मन परे ठिक र मन नपरे बेठिक भन्ने चलन छ । यो समीक्षाको तरिका होइन । यसो अरूका गीत सुन्यो कतिपय निकै राम्रा छन् । जब प्रगतिशील गीत सुन्न थाल्यो झन् अल्छी लाग्ने हुन थाले । यी त झन् जनतालाई जुरुक जुरुक उठाउने हुनु पर्छ नि । यहाँ मैले सबैको आलोचना गरेको होइन । अहिलेको ट्रेण्ड आधुनिकतावादबाट प्रभावित हुन थाल्यो । स्वर एकदम तानेको छ, बटारेको छ । त्यस्तो किन गर्नु पऱ्यो ? गीत गाएको छ गाएको छ तर सुन्दा आनन्द आउँदैन । त्यस्ता भाकाको के काम भयो ? यो नेगेटिभ पाटो हो । यो कमजोरी लेखक कलाकारको भन्दा पनि हामी समीक्षकहरूको हो । हामीले यसबारेमा उपयुक्त समीक्षा गरेर दिशा निर्देश गर्न सकेनौं ।

अब कुरा आउँछ लोकगीतको । लोकगीत प्रतिको हाम्रो दृष्टिकोण के हो ? यस बारेमा प्रष्टहुन जरुरी छ । लोकगीतलाई असाध्य नकारात्मक दृष्टिकोणले हेर्ने प्रवृत्ति पनि छ । लोकगीतलाई यथावत नक्कल गर्ने प्रवृत्ति पनि छ । यो दुबै प्रवृत्ति गलत हो ।

लोकगीतलाई हुबहु नक्कल गर्ने प्रवृत्ति पनि गलत हो, लोकगीतलाई घृणा गर्ने दृष्टिकोण पनि गलत हो । लोकगीत भन्दा वित्तिकै राम्रा छन् भन्ने कुरा पनि होइन । हो त्यहाँ छाडा, अश्लिलता पनि छन्, तिनलाई हामीले नकारात्मक रूपमा हेर्नु पर्छ । त्यहाँ राम्रा पनि छन् । लोक धुनहरू छन्, लोक सङ्गीतहरू छन् । कतिपय त जीवनवादी छन् । जनभाकाहरू छन् । हो त्यो क्षेत्रमा हामीले ध्यान दिनु पऱ्यो । यहाँ मौलिकताको कुरा पनि आउँछ । मौलिकताको कुरा गर्दा यहाँ खिसी गर्ने पनि रहेछन् ।

एक पटक मेरो खुसीराम पाख्रिनसँग कुरा पनि भयो । हैन खुसिरामजी तपाईंले यो के लेख्न थाल्नुभयो ? भनेर सोधेँ । राम्रा राम्रा लेख्नुहुन्थ्यो खुसिराम पाख्रिनले । अनि उहाँले यी नयाँ ठिटाहरूले मलाई त हैरान पारे भन्नु भयो । यो बुढोले आधुनिक गीतको रचना गर्न पनि जान्दैन सङ्गीत सिर्जना गर्न पनि जान्दैन भनेर मलाई हैरान पारे त्यही भएर मैले अचेल त आधुनिक गीत लेख्न थालेँ र सङ्गीत पनि त्यस्तै हाल्न थालेँ भनेर भन्नुभयो । त्यस्तो हैरान पार्दा रहेछन् । यो हो प्रभाववाद । त्यसैले गीत सङ्गीतको ट्र्याक के हो यस बारेमा हामीले ध्यान दिनु जरुरी छ ।

गीत सङ्गीतको रचनाका केही नियमहरू छन् । त्यो नियम के हो यस बारेमा हामीले जान्नु जरुरी छ । गीतको लय, ताल, सुर भावको बारेमा पनि हामीले थाहा पाउनु पर्ने हुन्छ । गीतको बोल हुन्छ गाउँछ, त्यो गीत असाध्य बीर रसमा आधारित हुन्छ तर गाउने शैली करुण रसमा आधारित छ । वीर रसको गीत करुण रसमा गाउँदा त्यसको के हालत हुन्छ ? त्यो त रुञ्चे हुन्छ । यस्ता चिजहरू मिलाउने बारेमा हाम्रो मिलेको छैन । जनयुद्धका धेरै गीतहरू त राम्रै छन् । तर धेरै यस बारेमा हामीले राम्रोसँग सोच्न र गाइडलाइन दिन सकेका छैनौं । कलाकारहरूका बारेमा राम्रोसँग पढेर सुनेर समीक्षा गर्न सकिएन त्यो हाम्रो कमजारी हो । कलाकारहरूमा आधुनिकताबाट प्रभावित हुने प्रवृत्ति छ, त्यो कमजोरी हो । हो, यो हटाउनको निम्ति के गर्ने हो ? यस बारेमा हामी सबैले राम्रोसँग अध्ययन गरौं बुझौं ।

सौन्दर्यशास्त्रको बारेमा पनि यहाँ कुरा उठेको छ, त्यसबारेमा पनि म चर्चा गर्छु । गीत सङ्गीतका बारेमा एउटा नियम छ, त्यो हो सङ्तीको नियम । ल अफ हार्मोनी भन्ने । त्यो सौन्दर्यशास्त्रको नियम हो । त्यो असाध्य महत्वपूर्ण छ । यसले सामञ्जस्य खोज्छ । विभिन्न विरोधीहरूका बीचमा एकत्व खोज्छ यसले । अथवा द्वन्द्ववादको विपरितहरूको एकत्वको नियम खोज्छ भनौं । विभिन्न स्वरहरू, तालहरू र लयहरूका बीचमा विपरितहरूको एकत्वको माग गर्छ । आरोह अवरोहको एकत्वको माग गर्छ । यो सबै कुरामा अन्तर्वस्तु र रूपको पनि सङ्गती हुनु पर्छ भन्ने एउटा महत्वपूर्ण नियम हो । तर द्वन्द्ववादको नियमको मात्रै कुरा गरेर काम भएन । यसमा साहित्वको बारेमा भन्न सकिन्छ । अब सङ्गीतमा द्वन्द्ववाद कहाँनेर छ भन्न गाह्रो छ । यसबारेमा मेरो खुल्दुली हो । यसमा मेरो आलोचना पनि होइन । यो दिशातिर हामी लाग्नु पर्छ । इच्छुक सांस्कृतिक प्रतिष्ठान र सम्वद्ध सबै साथीहरू यसतर्फ लागौं । प्रगतिवादी फाँटमा गीत सङ्गीतका बारेमा समीक्षा गर्ने गतिला खालका समीक्षकहरू पैदा हुन सकेनन् । यो हाम्रो समस्या हो । त्यसकारण यस दिशातिर हामी जाउँ । जजस्का जे जति गीतहरू छन् ती कुराहरूलाई हामीले गम्भीरता पुर्वक लिऊँ र अब कसरी जाने हो भन्ने बारेमा सोचौं । त्यसकारण आज यहाँ सौन्दर्यशास्त्रको कुरा गर्न गाह्रो छ । यसबारेमा दुवाल र मधुसुदनजीले पनि कुरा त राख्नुभयो अब यसबारेमा गतिलो कार्यपत्र तयार गर्नु जरुरी छ । लेखहरू चाहियो । हामीले जे जति जानेका छौं राम्रो तरिकाले लेखौं पनि । यो क्षेत्रमा अध्ययनरत साथीहरूलाई प्रोत्साहित पनि गरौं । हाम्रो राम्रो छ तर अझै मिहिनेत गरौं । सबैले सबैलाई सघाऊँ । यो मामिलामा इच्छुक सांस्कृतिक प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेलोस् भन्ने मेरो अपेक्षा हो ।

अब गीत सङ्गीतको दिशा कतापट्टी जाने हो भन्ने कुरा छ । साहित्यकारको काम पनि कलाकारको काम पनि क्रान्ति हुँदासम्म क्रान्तिको तयारी गर्ने क्रान्तिलाई स्थापित गर्ने हो । यो त हाम्रो दायित्व हो । उहिल्यैबाट हामी मात्रै नभएर अलिअलि प्रगतिशीलहरूले पनि गरेको त्यही हो । सातसालको बेलामा पनि यसले भूमिका खेलेको हो । यता पञ्चायत ढाल्ने बेलामा पनि त्यही हो र जनयुद्धको बेलामा पनि त्यही हो । गीत सङ्गीत र साहित्यले महत्वपूर्ण भूमिका खेलेको कुरा साँचो हो ।

यतिखेर जनयुद्ध पछि आउँदा लोकतान्त्रिक गणतन्त्र आएको छ । अब के गर्ने भन्ने कुरा आयो ? कस्का विरुद्ध गीत लेख्ने ? साथीहरू सरकारमा पुगिहाले । हिजो आन्दोलनकै कुरा गर्ने हो भने जनयुद्धको विरोध गर्ने सरकारमै छन् । झन् प्रधानमन्त्री नै छन् । जनयुद्धको नेतृत्व गर्ने पनि त्यही सरकारमा छन् । भनेपछि अब के गर्ने ? एउटा सानो कुरा गरौं, धेरै भन्नु पर्दैन । सरकारमा पुगिसकेपछि साथीहरूले के भन्न थाल्नु भयो भने अब हडताल सडताल केही गर्नु पर्दैन । आफू सत्तामा जानको लागि हडताल चाहियो, आफू सत्तामा गैसकेपछि हडताल चाहिएन । प्रचण्डजीले क्रान्तिको बारेमा थुप्रो कुरा गर्नुभा'छ । उहाँको एउटा भाषण सुनैं । उहाँले अब क्रान्ति होइन है सुशासन र स्थीरता चाहियो भन्दै भाषण गर्दै हिँड्नुहुन्छ । अब कस्का विरुद्ध लड्ने भन्ने कुरा भयो ।

हामीले भारतीय विस्तारवादका विरुद्ध लड्दै आइराखेका हौं । भारतीय प्रधानमन्त्री मोदी आए । हामीले विरोध प्रदर्शन गर्ने तयारी गर्दै थियौं, हाम्रा साथीहरूलाई देशैभरी धमाधम पकडी राख्या छ सरकारले । किन पकड्नुभयो उहाँहरूले ? विरोध गर्ने अधिकार छ कि छैन ? जनवाद आयो भनेर बडो लोकतान्त्रिक भनेर भन्नुहुन्छ । यही हो लोकतान्त्रिक गणतन्त्र ? विरोध गर्ने अधिकार त जहाँसुकै पनि दिइएको हुन्छ । अनि आफूलाई कम्युनिस्ट भन्नुहुन्छ । देशभक्त भन्नुहुन्छ आफूहरूलाई । भएन भनेर वामपन्थी पनि भन्नुहुन्छ । यहि हो वाम ? अब उहाँहरूको विरोध गर्ने कि नगर्ने ? न यो वाम हो, न यो कम्युनिस्ट हो न यो देशभक्त हो । अब हाम्रा गीत सङ्गीत त्यहाँ कन्द्रीत हुनु पर्ने भयो । यसबारेमा हामीले गम्भीरता पूर्वक सोच्न जरुरी छ ।

हामी धेरै छौं । प्रगतिशील लेखक सङ्घ पनि छ । त्यहाँ हामी पनि छौं र सरकार पक्षधरहरू पनि हुनुहुन्छ । अब उहाँहरू यही संसदीय व्यवस्थालाई सदृढ बनाएर लैजाने भन्नुहुन्छ । के प्रगतिवादीहरूले त्यही गर्ने हो ? थुप्रै प्रश्नचिन्हहरू उठेका छन् । हामी कम्युनिस्टहरूको साहित्यिक साङ्गीतिक आन्दोलनको धारा भनेको समाजवादी यथार्थवाद हो । समाजवादी यथार्थवाद हो भने यो सत्ता, व्यवस्था र संसदवादलाई जोगाउनेहरू समाजवादी यथार्थवादी हुन्छन् ? यसबारेमा गम्भीर वहस हुन जरुरी छ ।

इच्छुक प्रतिष्ठानले एउटा कार्यक्रम राख्यो । त्यो बेला हामीले छलफल र बहस गऱ्यौं । यो पनि जरुरी छ । सत्ताको कुर्चीमा गएर बस्ने आन्दोलनकारीहरूलाई दमन गर्ने ? कम्युनिस्ट हौं, देशभक्त हौं, वाम हौं भन्ने ? त्यो अधिकार छैन उनीहरूलाई । र, अब हाम्रो लक्ष्य, उद्धेश्य के हो साहित्यिक, साङ्गीतिक फाँटको ? आन्दोलनको दिशा केहो भन्ने बारेमा हामीले राम्रै तरिकाले छलफल र वहस गर्नु पर्ने भयो । यो आवश्यक छ । आन्दोलन जतिसुकै भएपनि एउटा अध्याय सकियो । गणतन्त्र आयो । यो ठिकै छ । धर्म निरपेक्षता, सङ्घीयता, समानुपातिक समावेशिता पनि ठिकै छ । तर समग्रमा यो संविधानले के गरेको छ ?

साथीहरूले भन्नुहुन्छ अब समाजवादको कुरा । समाजवाद त भारतको संविधानमा पनि त लेखेको छ । समाजवाद त धेरै किसिमका हुन्छन् । प्रतिक्रियावादी समाजवाद पनि हुन्छ । मार्क्सले त सुधारवादी समाजवाद, प्रतिक्रियावादी समाजवाद भन्नुभएको छ । सबैले पढेकै हौंला । अमूर्त भाषामा समाजवाद भनेर हुँदैन । लोकतन्त्रको चरित्र वर्गीय हुन्छ कि हुँदैन ? काङ्ग्रेसलाई पनि त्यही ठिक, राप्रपालाई पनि त्यही ठिक, एमालेलाई पनि त्यही ठिक र माओवादी भन्नेलाई पनि त्यही ठिक । यस्तो पनि हुन्छ लोकतन्त्र ? हामीले यसको वर्गीय चरित्र हुन्छ भनेर पढ्दै र लड्दै आएको होइन ? हो त्यसैले अबको आन्दोलनको दिशा के हो भन्ने बारेमा पनि सोचौं ।

हामीलाई के लागेको छ भने नेपालमा प्रगतिशील साहित्य, प्रगतिशील गीत सङ्गीत धेरै राम्रो छ । केही कमि कमजोरी छन् तर मूख्य रूपमा यी धेरै राम्रा छन् । गीत सङ्गीत र सिर्जनाको क्षेत्रमा त असङ्ख्य धनी छ नेपाल । इतिहासमा हामीले के गरेका छौं ? यसलाई एकातर्फ माथि उठाउन जरुरी छ । अर्कोतिर आन्दोलन पूरा भएको छैन । अर्को नयाँ आन्दोलनका निम्ति हामीले साहित्य, कला, गीत सङ्गीतको क्षेत्रबाट अर्को तयारी गर्न जरुरी छ । अब आन्दोलनको लक्ष्य कस्का विरुद्ध हो र के प्राप्ती हो भन्ने कुरालाई हामीले राम्रो तरिकाले सोच्न जरुरी छ । अब सामन्त, दलाल, नोकरसाह र भारतीय विस्तारवादलाई जस्ले बचाउन र संरक्षण गर्न चाहन्छ त्यसैका विरुद्ध हाम्रो आन्दोलन लक्षित हो र हुनु पर्छ । नयाँ जनवाद हुँदै समाजवाद र साम्यवादमा जाने कुरा त छँदै छ । यो दिशामा ध्यान दिऊँ । हामीले धेरै मिहिनेत गरेका पनि छौं । धेरै मिहिनेत गर्दा गर्दै डर लाग्ने कुरा के छ भने विजातीय सजातीय हुने र सजातीय विजातीय हुने अवस्था आयो । यस्तो फास्टो आइलाग्यो । हाम्रा मित्रहरू अर्कैतिर गएर दुश्मन भनेकाहरूसित घाँटी जोड्ने कुरा आयो । यस्तो स्थिति छ । यसबारेमा हामीले लेखौं । सबैले लेखौं, जेवी, दुवाल अरू साथीहरूले पनि लेखौं । जस्ले हामीलाई टिच गर्न सकोस् । इच्छुक प्रतिष्ठानले त्यस सम्वन्धी सामग्री तयार पारोस् । यो प्राज्ञिक संस्था पनि हो । प्रज्ञिक संस्थाको हैसियतले यसले महत्वपूर्ण भूमिका खेलोस् । यति भन्दै मेरा कुरा यहीं टुङ्ग्याउँछु । धन्यावाद ।

*(इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा आयोजित २०७५ बैशाख २८ गतेको कार्यक्रममा चैतन्यले प्रमुख अतिथिको तर्फबाट दिनुभएको मन्तव्यको सम्पादितअंश)*






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**ः जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।